# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधपत्र 'नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा अग्रभूमि निर्माण' शीर्षकमा आधारित भएर तयार पारिएको हो । लामाछोटा गरी एकतीसवटा कविताहरूलाई एकत्रित गरी तयार पारिएको 'नरकको ढोका' (वि.सं. २०७५) नेपाली साहित्य जगत्मा चर्चित र लोकप्रिय साहित्यकार नारायण ढकालद्वारा विभिन्न समय (वि.सं. २०३६ देखि वि.सं २०७५ सम्म) मा रचिएका कविता सङ्ग्रह हो । आधा दर्जन कालजयी उपन्यास प्रकाशमा ल्याइसकेका सुपरिचित आख्यानकार नारायण ढकाल प्रगतिवादी कवि पनि हुन् । उनीद्वारा रचित यो कविता कृति ललित अभिव्यञ्जना, शब्दमाधुर्य र गहिरो संवेदनाले युक्त छ । यस सङ्ग्रहभित्रका कविताहरू राष्ट्रप्रतिको अगाध ममताले ओतप्रोत हुनुका साथै व्यङ्ग्यले समेत घनीभूत छन् । यी कविताहरूमा मूलतः जीवन, मृत्यु, प्रेम, स्वप्न, विद्रोह, आशा, सङ्कल्पना जस्ता कुराहरूले अभिव्यक्ति पाएका छन् । आख्यानकार नारायण ढकाललाई कविका रूपमा चिनाउने एक मात्र महत्त्वपूर्ण कृतिका रूपमा यस कविता सङ्ग्रहलाई लिइन्छ । यस सङ्ग्रहभित्रका कविताहरूमा शैलीवैज्ञानिक पद्धतिको समुचित प्रयोग भएको छ ।

साहित्यिक समालोचनाका क्षेत्रमा विकसित 'शैलीविज्ञान' एक नवीन तथा आधुनिक विधा हो । शैलीविज्ञानले कुनै पनि कृति वा पाठको शैलीको वस्तुपरक विश्लेषण गर्दछ । यो मूलतः कुनै पाठमा प्रयुक्त भाषिक अभिव्यक्तिको ढङ्गढाँचा वा तरिकाको अध्ययन विश्लेषण गर्ने वस्तुगत समीक्षा हो । अग्रभूमि निर्माण कृतिको शैलीवैज्ञानिक विश्लेषणको एक प्रमुख पद्धति हो । सुरुमा चित्रकलाका क्षेत्रमा मात्र प्रयुक्त यस अग्रभूमि निर्माण शब्दलाई पछि आएर साहित्यिक समीक्षाका रूपमा पनि उपयोग गरिएको छ । रचनाकारले आफ्नो कृतिगत अभिव्यक्तिलाई नवीन, आकर्षक, विशिष्ट, मौलिक, प्रभावकारी र सुमधुर बनाउन कृतिका निश्चित ध्वनि, शब्द, पदावली र वाक्यलाई विशेष जोड दिई अगाडि ल्याउनु अग्रभूमिकरण हो । कवि नारायण ढकालद्वारा रचित 'नरकको ढोका' कविता सङ्ग्रहका कविताहरूको शैलीविज्ञानलगायत अन्य कुनै कोणबाट पनि हालसम्म कहीं कतै शोध अध्ययन भएको छैन ।

शैलीविज्ञानिक अग्रभूमि निर्माणका दृष्टिले पनि यसको अध्ययन आवश्यक छ । अतः यसै सन्दर्भमा शैलीवैज्ञानिक पद्धति अग्रभूमि निर्माणका दृष्टिले शोध अध्ययन गरी यो शोधपत्र तयार पारिएको हो ।

## १.२ समस्या कथन

कवि नारायण ढकालद्वारा रचित 'नरकको ढोका' कविता सङ्ग्रहका कविताहरूको शैलीवैज्ञानिक पद्धति अग्रभूमि निर्माणका दृष्टिले गरिने अध्ययन विश्लेषण नै प्रस्तुत शोधकार्यको मूल समस्या हो । सामग्रीहरूको तथ्यगत र वस्तुगत अध्ययन विश्लेषण गरी यस मूल समस्याको समाधानमा पुग्नका लागि अन्य शोधप्रश्नहरू यसप्रकार तय गरिएका छन् :

(क) 'नरकको ढोका' कविता सङ्ग्रहका कविताहरूमा शैलीवैज्ञानिक विचलनको स्थिति केकस्तो छ ?

(ख) उक्त कविताहरूमा शैलीवैज्ञानिक समानान्तरताको केकस्तो प्रयोग गरिएको छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यको मूल उद्देश्य कवि नारायण ढकालद्वारा रचित 'नरकको ढोका' कविता सङ्ग्रहका कविताहरूमा प्रयुक्त शैलीवैज्ञानिक पद्धति अग्रभूमि निर्माणको अध्ययन गर्नु हो । यस मूल उद्देश्यको प्राप्तिका लागि अन्य उद्देश्यहरू यसप्रकार निर्धारण गरिएका छन् :

(क) 'नरकको ढोका' कविता सङ्ग्रहका कविताहरूमा प्रयुक्त शैलीवैज्ञानिक विचलनको स्थिति पत्ता लगाउनु,

(ख) उक्त कविताहरूमा प्रयुक्त शैलीवैज्ञानिक समानान्तरताको स्वरूप पहिल्याउनु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

नेपाली साहित्य परम्परामा साहित्यकार नारायण ढकालको विशिष्ट स्थान रहेको छ । विशेषतः आख्यानकारका रूपमा स्थापित तथा प्रतिष्ठित नारायण ढकाललाई कविका रूपमा सुपरिचित गराउने उनीद्वारा हालसम्म रचित एक मात्र कविता कृति 'नरकको ढोका'

कविता सङ्ग्रहको ऐतिहासिक महत्त्व छ । यस कविता सङ्ग्रहका कविताहरूका बारेमा हालसम्म कुनै कोणबाट पनि शोध अध्ययन नभएको वर्तमान सन्दर्भमा शैलीवैज्ञानिक पद्धतिमध्ये अग्रभूमि निर्माणका दृष्टिले गरिएको प्रस्तुत शोधकार्य नितान्त नवीन र मौलिक बन्नुका साथै कविताको शैलीवैज्ञानिक अध्ययनका क्षेत्रमा नयाँ आयाम थपिने हुँदा यसको सान्दर्भिकताको पुष्टि हुन्छ । यसका साथै कवि नारायण ढकाल, उनको 'नरकको ढोका' कविता सङ्ग्रह र यसको शैलीवैज्ञानिक अध्ययन पद्धतिका बारेमा जिज्ञासा राख्ने जोसुकैका लागि पनि प्रस्तुत शोधकार्य उपयोगी र महत्त्वपूर्णसमेत भएकाले यसको उपादेयता पनि रहेको छ ।

## १.५ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य कवि नारायण ढकालद्वारा रचित 'नरकको ढोका' कविता सङ्ग्रहका कविताहरुको अग्रभूमि निर्माणका दृष्टिले गरिएको अध्ययन विश्लेषणमा मात्र केन्द्रित छ । अग्रभूमि निर्माणअन्तर्गत विचलनका प्रकारमध्ये अर्थतात्विक, ध्वनिप्रक्रियात्मक, व्याकरणिक, प्रयुक्तिगत र भाषिका विचलनको विश्लेषण गरिएको छ भने व्याकरणिक विचलनअन्तर्गत पदक्रम वचनगत, आदर र कारक विचलनको मात्र विश्लेषण गरिएको छ । त्यस्तै समानान्तरताअन्तर्गत बाह्य समानान्तरतामा वर्णगत, शब्दगत, पदावलीगत, वाक्यांशगत र वाक्यगत समानान्तरताको विश्लेषण गरिएको छ । त्यस्तै आन्तरिक समानान्तरतामा अर्थ र भावगत समानान्तरतालाई नछुट्याई एक ठाउँमा राखी विश्लेषण गरिएको छ । यस बाहेक अन्य कुनै सिद्धान्त, पद्धति र शैलीविज्ञानका पनि अन्य कोणबाट उक्त सङ्ग्रहका कविताहरुको अध्ययन गरिएको छैन । यो नै प्रस्तुत शोधकार्यको सीमा हो ।

## १.६ शोधपत्रको रूपरेखा

शोधकार्यबाट तयार हुन आएको प्रस्तुत शोधपत्रलाई शृङ्खलित, व्यवस्थित र सङ्गठित तुल्याउनका लागि यसप्रकारको रूपरेखामा प्रस्तुत गरिएको छ :

**अध्याय एक : शोध परिचय**

यस पहिलो अध्यायको शीर्षक शोध परिचय रहेको छ । यसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता, शोधकार्यको सीमाङ्कन र शोधपत्रको रूपरेखा उपशीर्षकहरू रहेका छन् ।

## अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक स्वरूप

यस दोस्रो अध्यायको शीर्षक पूर्वकार्यको समीक्षा र सैद्धान्तिक स्वरूप रहेको छ । पूर्वकार्यको समीक्षाअन्तर्गत पुस्तक समीक्षा र शोध समीक्षालाई छुट्टाछुट्टै उपशीर्षकमा प्रस्तुत गरिएको छ भने सैद्धान्तिक स्वरूपअन्तर्गत शैलीविज्ञानको परिचय, प्रकार र शैलीविश्लेषणका प्रक्रियाका उपशीर्षकहरू रहेका छन् ।

## अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

यस तेस्रो अध्यायको शीर्षक अध्ययन विधि र प्रक्रिया रहेको छ । यसअन्तर्गत सामग्री सङ्कलन र तथ्याङ्कको व्याख्या विश्लेषण प्रक्रियाका उपशीर्षकहरू रहेका छन् । सामग्री सङ्कलनअन्तर्गत पनि प्राथमिक र द्वितीयक स्रोतका उपशीर्षकहरू रहेका छन् भने तथ्याङ्कको व्याख्या विश्लेषण प्रक्रिया उपशीर्षकअन्तर्गत शोध अध्ययनका क्रममा अपनाइएका विधि र प्रक्रियाहरू उल्लेख गरिएका छन् ।

## अध्याय चार : 'नरकको ढोका' कविता सङ्ग्रहका कविताहरूमा शैलीवैज्ञानिक विचलन

यस चौथो अध्यायको शीर्षक नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा शैलीवैज्ञानिक विचलन रहेको छ । विचलनअन्तर्गत अर्थतात्त्विक विचलन, ध्वनिप्रक्रियात्मक विचलन, व्याकरणिक विचलन, प्रयुक्तिगत विचलन, भाषिका विचलनका शीर्षक र विभिन्न उपशीर्षकहरू रहेका छन् ।

## अध्याय पाँच : 'नरकको ढोका' कविता सङ्ग्रहका कविताहरूमा शैलीवैज्ञानिक समानान्तरता

यस पाँचौं अध्यायको शीर्षक नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा शैलीवैज्ञानिक समानान्तरता रहेको छ । समानान्तरताअन्तर्गत बाह्य समानान्तरता र आन्तरिक समानान्तरताका छुट्टाछुट्टै उपशीर्षकहरू रहेका छन् । बाह्य समानान्तरताअन्तर्गत वर्णगत, शब्दगत, पदावलीगत, वाक्यांशगत र वाक्यगत समानान्तरताका उपशीर्षकहरू रहेका छन् ।

## अध्याय छ : सारांश, निष्कर्ष र उपयोगिता

यस छैटौं अध्यायको शीर्षक सारांश, निष्कर्ष र उपयोगिता रहेको छ । यसअन्तर्गत सारांश, निष्कर्ष र उपयोगिताका छुट्टाछुट्टै उपशीर्षकहरू रहेका छन् । उपयोगितालाई पनि नीतिगत र प्रयोगगत गरी दुई छुट्टाछुट्टै उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक स्वरूप

## २.१ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्य कवि नारायण ढकालद्वारा रचित 'नरकको ढोका' कविता सङ्ग्रहका कविताहरूको शैलीवैज्ञानिक पद्धति अग्रभूमि निर्माणका दृष्टिले गरिएको अध्ययन विश्लेषणमा केन्द्रित छ । अतः यस सन्दर्भमा शैलीविज्ञानअन्तर्गत अग्रभूमि निर्माणका बारेमा पुस्तक, लेख, शोधपत्र आदिमा यसअगि शोध तथा अध्ययन गरिएका कुराहरूलाई नै पूर्वकार्य मानिएको छ । उक्त पूर्वकार्यहरूको समीक्षाबाट प्रस्तुत शोधकार्यलाई मार्गदर्शन हुने भएकाले उक्त पूर्वकार्य वा पूर्वाध्ययनको समीक्षालाई प्रस्तुत गर्ने क्रममा पुस्तक समीक्षा र शोध समीक्षा गरी छुट्टाछुट्टै उपशीर्षकअन्तर्गत कालक्रमका आधारमा प्रस्तुत गरिएको छ ।

### २.१.१ पुस्तक समीक्षा

शर्मा (२०४८) द्वारा 'शैलीविज्ञान' नामक पुस्तक लेखिएको छ । उक्त पुस्तकमा शैली, शैलीविज्ञान र यसको परिचय, परिभाषा, स्वरूप, विश्लेषण प्रक्रिया, कृतिको भाषिक तथा साहित्यिक संरचना, शैलीविज्ञानको क्षेत्र आदि महत्त्वपूर्ण विषयका बारेमा उल्लेख गरिएको छ । उक्त पुस्तकमा उल्लेख भएका उक्त शैलीविज्ञान र अग्रभूमि निर्माणसँग सम्बन्धित कुराहरू कवि नारायण ढकालद्वारा रचित 'नरकको ढोका' कविता सङ्ग्रहका कविताहरूको शैलीवैज्ञानिक पद्धति अग्रभूमि निर्माणका दृष्टिले गरिएको प्रस्तुत शोधकार्यसँग निकट तथा अत्यन्त महत्त्वपूर्ण रहेका छन् । शैलीविज्ञानको सैद्धान्तिक पक्षको उल्लेख गरी केही कृतिहरूको शैलीको विश्लेषणसमेत गरिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य प्रायोगिक र कृतिगत दृष्टिले भने विशिष्ट रहेको छ । विशिष्ट भए पनि यस शोध अध्ययनका क्रममा उक्त पूर्वकार्यबाट विशेष सैद्धान्तिक र प्रायोगिक आधार लिएर आवश्यक पर्ने अध्ययनको स्वरूप तयार पारी शोध्य कृतिअन्तर्गतका कविताहरूमा प्रयुक्त अग्रभूमि निर्माणको विश्लेषण गरिएको छ ।

अधिकारी (२०६५) द्वारा लिखित 'सामाजिक र प्रायोजिक भाषाविज्ञान' पुस्तक प्रकाशमा ल्याइएको छ । उक्त पुस्तकमा सामाजिक र प्रायोगिक भाषाविज्ञानका अन्य कुराहरूसँगै शैलीविज्ञानको परिचय, विकासक्रम, प्रकार र शैलीविश्लेषण प्रक्रियाका बारेमा

विवेचना गरिएको छ । शैलीविज्ञानको पद्धतिअन्तर्गत अग्रभूमि निर्माण बारेमा उल्लेख गरिएको उक्त पूर्वकार्य प्रस्तुत शोधको मूल विषयसँग सम्बन्धित छ । सैद्धान्तिक पक्षमा आधारित उक्त पूर्वकार्यभन्दा कृतिको प्रायोगिक अध्ययनका दृष्टिले गरिएको प्रस्तुत शोधकार्य भिन्न प्रकृतिको बन्न गएको छ तापनि यसमा उक्त पूर्वकार्यको सैद्धान्तिक आधार लिई

अग्रभूमि निर्माणअन्तर्गतका विचलन र समानान्तताका विभिन्न प्रकारहरूको वर्गीकरण र विश्लेषण गरिएको छ ।

नेपाल (सन् २००९) द्वारा 'शैलीविज्ञान' (दो.सं.) पुस्तक प्रकाशमा ल्याइएको छ । उक्त पुस्तकमा शैलीविज्ञानका सैद्धान्तिक पक्ष, त्यसको इतिहास र परम्पराका बारेमा विवेचना गरिएको छ । उक्त पूर्वकार्य प्रस्तुत शोध अध्ययनसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएकाले निकै महत्त्वपूर्ण छ । उक्त सैद्धान्तिक अध्ययनभन्दा प्रस्तुत शोधकार्य कविताहरूको अग्रभूमि निर्माणको विश्लेषणमा आधारित भएकाले प्रायोगिक र कृतिगत दृष्टिले विशिष्ट छ । विशिष्ट भए पनि उक्त पुस्तकमा विवेचना गरिएका सैद्धान्तिक पक्षको आधारले प्रस्तुत शोधकार्यअन्तर्गत विचलन र समानान्तरताका प्रकारहरूको खोजी र विश्लेषण गर्ने कुरामा सहयोग पुऱ्याएको छ ।

ढकाल (२०६७/६८) द्वारा 'प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम' पुस्तक लेखिएको छ । उक्त पुस्तकमा शैलीविज्ञानको परिचय, प्रकार र यसको विश्लेषण प्रक्रियाका बारेमा चर्चा गरिएको छ । शैलीविज्ञानको सिद्धान्तका बारेमा उल्लेख गरिएको उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यको मूल विषयसँग सम्बन्धित र महत्त्वपूर्ण छ । कवि नारायण ढकालद्वारा रचित 'नरकको ढोका' कविता सङ्ग्रहका कविताहरूमा प्रयुक्त अग्रभूमि निर्माणको प्रायोगिक पक्षको अध्ययन विश्लेषणमा केन्द्रित प्रस्तुत शोधकार्य भने त्यसभन्दा भिन्न रहेको छ । प्रस्तुत शोधकार्यमा अग्रभूमि निर्माणको विश्लेषण गर्दा आवश्यक पर्ने सैद्धान्तिक स्वरूपको निर्माणका लागि उक्त पूर्वकार्य उपयोगी आधार बनेको छ ।

पौडेल (२०६९) द्वारा 'प्रायोगिक भाषाविज्ञानका प्रपुख आयामहरू' पुस्तक लेखिएको छ । उक्त पुस्तकमा शैलीको परिचय, शैलीविज्ञानका प्रकार, शैलीविज्ञानको अध्ययन पद्धति, शेलीविज्ञानको विकासक्रम, विश्लेषण प्रक्रियाको स्वरूप आदिका बारेमा विवेचना गरिएको छ । उक्त पूर्वकार्य शैलीविज्ञानको सैद्धान्तिक अध्ययनका दृष्टिले महत्त्वपूर्ण हुनुका साथै

प्रस्तुत शोधकार्यसँग निकट र सम्बन्धित छ । सिद्धान्तमा आधारित उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य कविताको अग्रभूमि निर्माणको प्रायोगिक अध्ययनमा आधारित भएकाले भिन्न पनि छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यअन्तर्गत विचलन र समानान्तताको वर्गीकरण गर्ने क्रममा सहयोग लिइएको छ ।

### २.१.२ शोधपत्र समीक्षा

कोइराला (२०५९) द्वारा 'सुम्निमा उपन्यासको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा सम्पन्न शोधपत्रमा भाषिक चयन, विचलन र समानान्तरताका आधारमा उपन्यासको विश्लेषण गर्नुलाई मूल उद्देश्य बनाइएको छ । उक्त शोधकार्यमा पुस्तकालयीय अध्ययन कार्यबाट सामग्री सङ्कलन गरिएको कुरा उल्लेख छ । त्यस पूर्वकार्यमा बाह्य र आन्तरिक समानान्तरताले उपन्यासलाई भाषाशैली र पठनीयताका दृष्टिले ओजस्वी बनाएको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यसँग सम्बन्धित र निकट छ । निकट भए पनि उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य विधागत र कृतिगत दृष्टिले विशिष्ट रहेको छ । उक्त पूर्वकार्यबाट यस शोधकार्यमा समानान्तरताका उदाहरण खोज्ने क्रममा सहयोग लिइएको छ ।

दाहाल (२०६१) द्वारा तयार पारिएको 'नरेन्द्रदाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन' शीर्षकको शोधपत्रमा चरित्रचित्रण र भाषिक चयनका आधारमा नरेन्द्रदाइ उपन्यासको विश्लेषण गर्ने उद्देश्य लिइएको छ । उक्त पूर्वकार्यमा भाषिक चयन, विचलन र समानान्तरताका आधारमा उक्त कृति मौलिक रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित भएकाले उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यसँग सम्बन्धित र निकट छ । निकट भए तापनि प्रस्तुत शोधकार्य कविताहरूमा प्रयुक्त अग्रभूमि निर्माणको अध्ययनमा आधारित भएकाले विधातात्त्विक र कृतिगत दृष्टिले उक्त पूर्वकार्यभन्दा भिन्न रहेको छ । प्रस्तुत शोधकार्यमा अग्रभूमि निर्माणका उदाहरणहरूको खोजी र तिनको विश्लेषण गर्ने क्रममा भने उक्त पूर्वकार्यले विशेष सहयोग पुऱ्याएको छ ।

पौडेल (२०६१) द्वारा 'रूपमती उपन्यासको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त पूर्वकार्यमा रूपमती उपन्यासको संरचनात्मक पक्ष, चयन, विचलन र समानान्तरताका आधारमा विश्लेषण गर्ने कार्यलाई उद्देश्य बनाइएको छ ।

उक्त शोधकार्यमा उपन्यासको आदि, मध्य र अन्त्य गरी कथानकका तीन अवस्था रहेको, गौण पात्रहरूको प्रयोग गरिएको तथा सहज र सरल भाषाशैलीको प्रयोग भएको निष्कर्ष प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्य उपन्यासको शैलीको वैज्ञानिक अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यसँग केही मिल्दोजुल्दो छ तापनि कविताहरूमा प्रयुक्त अग्रभूमि निर्माणको विश्लेषणमा आधारित प्रस्तुत शोधकार्य विधागत र कृतिगत दृष्टिले त्यसभन्दा भिन्नसमेत रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोध अध्ययनका क्रममा उद्देश्य निर्धारण गर्नका लागि सहयोग लिइएको छ ।

धमला (२०६५) द्वारा 'समानान्तर आकाश उपन्यासको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त पूर्वकार्यमा **समानान्तर आकाश** उपन्यासको कथानक र चरित्रका आधारमा शैलीवैज्ञानिक विश्लेषण गर्नुलाई उद्देश्य बनाइएको छ । उक्त पूर्वकार्यमा तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दहरूको बढी प्रयोग भएको तथा अल्पविराम चिह्न र प्रश्नवाचक चिह्न प्रयोग भएको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्य कविताहरूको अग्रभूमि निर्माणको विश्लेषणमा आधारित भएकाले उक्त पूर्वकार्यसँग केही मात्रामा निकट हुँदाहुँदै पनि अध्ययनको क्षेत्र, विधा र कृतिगत दृष्टिले भिन्नसमेत रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत अध्ययनका क्रममा उदाहरणको पुष्टि गर्ने कार्यमा केही सहयोग पुगेको छ ।

कोइराला (२०६८) द्वारा 'अनुराधा उपन्यासको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा सम्पन्न शोधपत्रमा उपन्यासमा भएका पात्रहरूको शैलीवैज्ञानिक रूपमा वर्गीकरण र विश्लेषण गर्नु तथा भाषिक चयन, विचलन र समानान्तरताका आधारमा उपन्यासको विश्लेषण गर्नुलाई मूल उद्देश्य बनाइएको छ । उक्त शोधकार्यमा पुस्तकालयीय अध्ययन कार्यबाट सामग्री सङ्कलन गरिएको कुरा उल्लेख छ । त्यस पूर्वकार्यमा चयन, विचलन र समानान्तरताका आधारमा अनुराधा उपन्यासको विश्लेषण गरी उक्त उपन्यास शैलीवैज्ञानिक दृष्टिले अब्बल रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यसँग सम्बन्धित र निकट छ । निकट भए पनि उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य विधागत र कृतिगत दृष्टिले विशिष्ट रहेको छ । उक्त पूर्वकार्यबाट यस शोधकार्यमा विचलनका उदाहरण खोज्ने क्रममा सहयोग लिइएको छ ।

लुइँटेल (२०६९) द्वारा 'भैरव अर्यालका निबन्धको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा सम्पन्न शोधपत्रमा भैरव अर्यालका निबन्धको शैलीवैज्ञानिक दृष्टिले भाषिक संरचनाको खोजी गर्नुलाई प्रमुख उद्देश्य बनाइएको छ । अग्रभूमि निर्माणका दृष्टिले कोशीय, व्याकरणिक, अर्थतात्त्विक एवम् प्रयुक्तिगत विचलनको बढी प्रयोग गरिएकाले शोध्य निबन्धको भाषिक र साहित्यिक संरचना सन्तुलित भएको निष्कर्ष उक्त पूर्वकार्यमा निकालिएको छ । निबन्धको अग्रभूमि निर्माणको विश्लेषणमा आधारित उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यभन्दा विधागत र कृतिगत दृष्टिले केही भिन्न रहे पनि यस शोधकार्यअन्तर्गत गरिएको विचलन र समानान्तरताका उदाहरणको विश्लेषण गरी पुष्टि गर्ने कार्यमा सहयोगी बनेको छ ।

बराल (२०७२) द्वारा 'मालती मङ्गले गीति नाटकको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । त्यस शोधमा उक्त गीति नाटकको भाषा संरचनाका आधारमा विश्लेषण गर्नु र साहित्यिक संरचनाका आधारमा विश्लेषण गर्नुलाई प्रमुख उद्देश्य बनाइएको छ । पुस्तकालयीय अध्ययन कार्यका आधारमा सामग्री सङ्कलन गरिएको उक्त शोधमा तत्सम तथा तद्भव शब्दको बढी प्रयोग भएको, बनोट र बुनोटको उपयुक्त रखाई भाषा तथा साहित्यिक रचनाका आधारमा उक्त कृति निकै राम्रो रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । शैलीवैज्ञानिक अध्ययनमा आधारित उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यसँग निकट र सम्बन्धित छ । गीति नाटकमा केन्द्रित उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य विधागत, कृतिगत र अध्ययन क्षेत्रका दृष्टिले भिन्न पनि छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यमा सीमा निर्धारण गर्ने कुरामा सहयोग लिइएको छ ।

मिश्र (२०७३) द्वारा 'घुम्ने मेचमाथि अन्धो मान्छे कविता सङ्ग्रहका कविताहरूमा अग्रभूमि निर्माण' शीर्षकको शोधपत्र तयार पारिएको छ । 'घुम्ने मेचमाथि अन्धो मान्छे' कविता सङ्ग्रहका कवितामा विचलन र समानान्तरताको खोजी गर्ने उद्देश्य लिइएको उक्त पूर्वकार्यमा अर्थतात्त्विक विचलन र व्याकरणिक विचलनको विशेष प्रयोग भएको तथा अन्य विचलनको कम प्रयोग भएको निष्कर्ष निकालिएको छ । कविताकै अग्रभूमि निर्माणको विश्लेषण गरिएको उक्त पूर्वकार्यसँग प्रस्तुत शोधकार्य धेरै मात्रामा मिल्दोजुल्दो भए पनि कृतिगत दृष्टिले भिन्नसमेत रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यअन्तर्गत विचलन र समानान्तरताको विश्लेषण र निष्कर्ष लेखन प्रक्रियामा विशेष सहयोग पुगेको छ ।

बखेल (२०७३) द्वारा 'आमा कथा सङ्ग्रहका कथाहरूमा अग्रभूमि निर्माण' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । कृष्ण धराबासीद्वारा लिखित 'आमा' कथा सङ्ग्रहका कथाहरूमा भएका विचलन र समानान्तरताको खोजी र विश्लेषण गर्ने उद्देश्यले गरिएको उक्त पूर्वकार्यमा अर्थतात्त्विक र व्याकरणिक विचलनको धेरै तथा ध्वनिप्रक्रियात्मक, भाषिका र कोशीय विचलनको कम प्रयोग भएको, समानान्तरतामध्ये वर्णगत समानान्तरता सबैभन्दा बढी र शब्दगत समानान्तरता पर्याप्त प्रयोग भएको तथा बाह्य समानान्तरताका तुलनामा आन्तरिक समानान्तरताको कम प्रयोग भएको निष्कर्ष निकालिएको छ । अग्रभूमि निर्माणको अध्ययनमा आधारित उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यसँग प्रत्यक्ष रूपमै सम्बन्धित छ तापनि विधागत र कृतिगत दृष्टिले यो शोधकार्य उक्त पूर्वकार्यभन्दा भिन्न छ । प्रस्तुत शोधकार्यअन्तर्गत पूर्वकार्यको अध्ययन र निष्कर्ष लेखन कार्यमा त्यसबाट सहयोग लिइएको छ ।

पोखेल (२०७४) द्वारा 'गौरी खण्डकाव्यमा अग्रभूमि निर्माण' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । गौरी खण्डकाव्यमा भएका विचलन र समानान्तरताको खोजी र विश्लेषण गर्ने उद्देश्यले गरिएको उक्त पूर्वकार्यमा शोध्य कृतिमा अर्थतात्त्विक, ध्वनिप्रक्रियात्मक र पदक्रम विचलन अत्यधिक र कारक, विभक्ति, भाषिका, कोशीय तथा प्रयुक्ति विचलन सीमित भएको र सीमित मात्रामा आन्तरिक समानान्तरता र बाह्य समानान्तरतामा वर्णगत समानान्तरता अत्यधिक, शब्दगत समानान्तरता पर्याप्त तथा पदावलीगत, वाक्यांशगत र वाक्यगत समानान्तरता ज्यादै सीमित मात्रामा प्रयोग भएको, विचलन तथा समानान्तरताको प्रयोग मुख्यतः लयविधान र अभिव्यक्तिगत सौन्दर्य सृजनाको प्रयोजनका लागि गरिएको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यसँग विधागत र अध्ययनको विषय क्षेत्रका दृष्टिले निकट र निकै महत्त्वपूर्ण रहेको छ । कृतिगत र उपविधागत दृष्टिले भिन्न भए पनि उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यअन्तर्गत उद्देश्य निर्धारण, सीमाङ्कन र सामग्रीको विश्लेषणका लागि विशेष सहयोग लिइएको छ ।

उल्लिखित दुबै खालका पूर्वकार्यहरूको अध्ययन र समीक्षाबाट सैद्धान्तिक र प्रायोगिक पक्षमा विभिन्न प्रकारका सहयोग लिई प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ । ती सबै पूर्वकार्यभन्दा नवीन कविता सङ्ग्रहमा आधारित यो शोधकार्य गहन तथा विधागत र कृतिगत दृष्टिले विशिष्ट र मौलिक बन्न गएको छ ।

## २.२ सैद्धान्तिक स्वरूप

कवि नारायण ढकालद्वारा रचित 'नरकको ढोका' कविता सङ्ग्रहका कविताहरूमा अग्रभूमि निर्माण शीर्षकको प्रस्तुत शोधपत्र शैलीवैज्ञानिक सिद्धान्तको अग्रभूमि निर्माण पद्धतिका आधारमा विश्लेषण गरी तयार पारिएको हो । अतः यस सन्दर्भमा शैलीवैज्ञानिक अध्ययन पद्धति र यसको विश्लेषण प्रक्रियासँग सम्बन्धित अग्रभूमि निर्माणका बारेमा सङ्क्षेपमा उल्लेख गर्नु आवश्यक छ ।

### २.२.१ शैलीविज्ञानको परिचय

शैली शब्द संस्कृत भाषाको **शील्** (शी+लक्) धातुबाट **शील** हुँदै विकसित भएको हो । प्राचीनकालमा **शील** शब्द अञ्जन विद्याका देवता, एकाग्र हुनु वा अभ्यास हुनु र स्वभावलाई बुझाउनका लागि प्रयोग भएको पाइन्छ (शर्मा, २०४८ : २) । अहिले यस **शैली** शब्दले विषयवस्तुअनुकूलको भाव व्यक्त हुने कृतिको अभिव्यक्तिको ढाँचा वा तरिकालाई बुझाउँछ । यस शब्दका लागि अङ्ग्रेजीमा प्रयोग गरिने style शब्द ल्याटिन भाषाको stilus (मैनमाथि लेख्न बनाइएको हाड वा धातुको कलमको अर्थ बुझाउने) शब्दबाट विकसित भएको हो । अहिले उक्त style शब्दले भावाभिव्यक्तिको पद्धति वा बोलाइ वा कुराकानीको ढङ्गढाँचा वा तरिकालाई बुझाएको पाइन्छ । **शैली**का लागि संस्कृत काव्यशास्त्रमा **रीति** शब्दको प्रयोग गरिएको छ । प्रस्तुत सन्दर्भमा प्रयोग भएको शैली चाहिँ पाश्चात्य जगत्मा विकसित आधुनिक शैलीविज्ञानसँग सम्बन्धित छ ।

शैलीविज्ञान शैलीको वैज्ञानिक अध्ययन गर्ने प्रायोगिक भाषाविज्ञानको एक शाखा हो । यसलाई साहित्यिक समालोचनाको नवीन विधाका रूपमा देखापरेको भाषावादी सिद्धान्त र पद्धति मान्ने गरिएको छ । यसले कुनै साहित्यिक कृति वा पाठको काव्यभाषाका आधारमा त्यसमा प्रयुक्त शैलीको व्यवस्थित वर्णन, विश्लेषण र मूल्याङ्कन गर्दछ । यो मूलतः भाषाका माध्यमबाट गरिने वस्तुनिष्ठ समालोचना प्रणाली हो । साहित्य भाषा प्रयोगको विशिष्ट कला भएको हुँदा त्यसैको व्यवस्थित र वैज्ञानिक अध्ययन गर्ने काम शैलीविज्ञानले गर्दछ (पौडेल, २०६९ : ३४) । यसको मूल प्रकृति भाषावैज्ञानिक भए पनि आफ्नो प्रयोजनका लागि यसले साहित्यशास्त्रको उपयोग गर्दछ । यसले साहित्यिक कृतिलाई एक भाषिक प्रतीक मानेको छ । घनश्याम नेपालका अनुसार शैलीविज्ञानले प्रत्येक सिङ्गो साहित्यिक पाठलाई

कला प्रतीकका रूपमा राखेर हेर्दछ (सन् २००९ : ११२) । साहित्यिक कृतिमा अन्तर्निहित सौन्दर्यको खोजी गर्ने हुनाले यसलाई केही मात्रामा सौन्दर्यशास्त्रसँग पनि निकट मानिन्छ । हरेक साहित्यिक कृतिका बाह्य (संरचना/रूप) र आन्तरिक (कथ्य/अर्थ) गरी दुई पक्ष हुन्छन् । शैलीविज्ञानले पाठ वा साहित्यिक कृतिको रूप पक्षबाट संरचनाको विश्लेषण गर्दै कथ्यमा प्रवेश गरेर त्यस पाठमा अन्तर्निहित सौन्दर्य पक्षको उद्घाटन गर्नुका साथै त्यो प्रतिफलित हुने प्रयोजनलाई सावित गर्ने प्रयास गर्दछ (शर्मा, २०४८ : ९) । यस विषयलाई भाषाविज्ञान र साहित्यशास्त्रको मिलनविन्दु मान्ने गरिएको पनि छ ।

### २.२.२ **शैलीविश्लेषण प्रक्रिया**

साहित्यलाई भाषाका माध्यमबाट गरिने मानवीय भाव, विचार तथा अनुभूतिको कलात्मक अभिव्यक्तिका रूपमा लिइन्छ । शैलीविज्ञानले साहित्यलाई भाषिक कलाको प्रतीकका रूपमा हेर्छ र त्यसैका आधारमा विश्लेषण गर्दछ । यसले कृतिको बाह्य पक्षबाट आफ्नो अध्ययन विश्लेषण सुरु गर्छ । अनि त्यसको आन्तरिक पक्षको विश्लेषण गर्दै सौन्दर्यको उद्घाटन र मर्मबोध गराई कृति प्रतिफलित हुने प्रयोजनलाई समेत सिद्ध गर्दछ । यसको विश्लेषणमा भाषा संरचना, शैली र साहित्यिक संरचना गरी तीन तह निर्धारण गरिएका हुन्छन् । मोहनराज शर्माले यसको संरचनाको विश्लेषण प्रक्रियालाई यसरी देखाएका छन् :

| | |
|---|---|
| साहित्यिक संरचना | (क) बनोट<br>(ख) बुनोट |
| शैली | (क) चयन<br>(ख) अग्रभूमि निर्माण<br>(अ) समानान्तरता<br>(आ) विचलन<br>(ग) विविधता |
| भाषा-संरचना | (क) व्याकरण व्यवस्था<br>(ख) शब्द व्यवस्था<br>(ग) ध्वनि व्यवस्था |

(शर्मा, २०४९ : ६)

२.२.२.१ **साहित्यिक संरचना**

हरेक साहित्यिक कृतिको आफ्नै विशिष्ट संरचना हुन्छ । त्यसो भए तापनि जुनसुकै साहित्यिक कृतिको संरचनाका बनोट र बुनोट गरी दुई पक्ष हुन्छन् ।

२.२.२.१.१ **बनोट**

**बनोट** कुनै कृतिभित्र रहेका ससाना घटकहरूबिचको आपसी संयोजनबाट बनेको सिङ्गो रूप हो । कृतिको एउटा स्वायत्त संरचना जुन अमूर्त प्रकृतिको हुन्छ । यो विभिन्न घटकहरूको आपसी सम्बन्धबाट बनेको हुन्छ (शर्मा, २०४८ : ९) । अतः यो अमूर्त प्रकृतिको हुनुका साथै कृतिको समग्र प्रभावसँग सम्बन्धित हुन्छ वा भनौँ यसले कृतिको समग्र प्रभावलाई जनाउँछ भन्ने कुरा यसबाट प्रस्ट हुन्छ । शैलीविज्ञानले कृतिको विश्लेषण यही बनोटबाट सुरु गरी बुनोटसम्म पुग्दछ ।

२.२.२.१.२ **बुनोट**

बुनोट भनेको बनोटअन्तर्गत रहेका ससाना संरचक वा घटकहरूको कार्य र तिनीहरूबिचको अन्तर्सम्बन्ध हो । यो कृतिको बाह्य स्वरूपसँग सम्बन्धित हुन्छ । बनोटका विपरीत यसको प्रकृति मूर्त हुन्छ र यसले कृतिको समग्र प्रभावलाई नभई खण्डात्मक प्रभावलाई दर्साउँछ । यो कृतिभित्रका वस्तु, अलङ्कार, छन्द, लय, बिम्ब, प्रतीक, घटना आदिको आपसी समन्वय र सम्बन्ध सूत्रको वर्णन विश्लेषण गरेर शैलीविज्ञानले बुनोट प्रक्रियाको विवेचना गर्दछ (पौडेल, २०६९ : ४८) । यसको निर्माण वस्तु, छन्द, अलङ्कार, बिम्ब, प्रतीक, घटना, चरित्र आदि अङ्ग र उपाङ्गबाट हुन्छ ।

२.२.२.२ **भाषा संरचना**

भाषा हरेक कृतिको आधार सामग्री हो । हरेक कृतिको आफ्नै भाषिक संरचना हुन्छ । कृतिको भाषिक संरचनाका एकाइहरू एकापसमा तहगत वा सोपानक्रममा अन्वित भएर रहेका हुन्छन् । कृतिको भाषिक संरचनाका पनि तीन तह हुन्छन् ।

२.२.२.२.१ **व्याकरण व्यवस्था**

व्याकरणलाई भाषाको माथिल्लो तथा अभिव्यक्तिको महत्त्वपूर्ण व्यवस्था मानिन्छ । यसअन्तर्गत रूपिमदेखि वाक्यसम्मका सबै कुराहरू पर्दछन् । भाषातत्त्वहरू पनि यसैअन्तर्गत पर्दछन् । वाक्य व्याकरण व्यवस्थाको मूल आधार हो । पदावली र उपवाक्य पनि

यसैअन्तर्गत समेटिन्छन् । यसमा रूपविज्ञान र वाक्यविज्ञानका सहायताले कृतिगत व्याकरणिक व्यवस्थाको बयान विश्लेषण गरिन्छ (पौडेल, २०६९ : ४७) । अतः रूपदेखि वाक्यसम्मका कुराहरूको अध्ययन यसअन्तर्गत गरिन्छ भन्ने कुरा प्रस्ट हुन्छ ।

#### २.२.२.२.२ **शब्द व्यवस्था**

शब्द वाक्य, उपवाक्य र पदावलीभन्दा तल्लो भाषिक एकाइका रूपमा रहेको हुन्छ । शब्द भाषाको मध्य तहमा पर्ने केन्द्रीय एकाइ हो । शब्दव्यवस्थाअन्तर्गत रूपिम, शब्दभण्डार, शब्दको व्युत्पादन, रूपायन र अर्थसम्बन्धी कुराहरू पर्दछन् ।

#### २.२.२.२.३ **ध्वनि व्यवस्था**

भाषाको सबैभन्दा तल्लो एकाइ ध्वनिलाई हरेक कृति वा पाठको आधार वा कच्चा सामग्री मानिन्छ । यसै ध्वनिबाट वर्ण र अक्षरको निर्माण हुने हुँदा तिनको विश्लेषण पनि ध्वनिव्यवस्थाअन्तर्गत गरिन्छ । ध्वनिको प्रत्यक्ष सम्बन्ध अर्थसँग नहुने भए पनि यसबाट बन्ने वर्ण अर्थभेदक हुन्छ । यसअन्तर्गत खण्डीय र खण्डेतर वर्ण वा ध्वनि र उच्चारणका कुराहरू पर्छन् (पौडेल, २०६९ : ४६) । यसरी ध्वनिव्यस्थामा ध्वनि र वर्णको अध्ययन हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

### २.२.२.३ **शैली**

कुनै पनि साहित्यिक कृति भाषिक संरचनाको क्रमश्रेणी शैलीमार्फत यात्रा गर्दै साहित्यिक संरचनाको क्रमश्रेणीमा रूपान्तरित भएको हुन्छ । भाषा संरचनाको उपयुक्त क्रमश्रेणी रूपान्तरित भएर साहित्यिक संरचनाको क्रमश्रेणी बन्न पुग्छ (शर्मा, २०४८ : ७) । अतः शैली भाषिक संरचना र साहित्यिक संरचनाको रूपान्तरण वा बिचको स्थिति हो । यसको सम्बन्ध एकातिर कृतिको भाषिक सामग्रीसँग र अर्कातिर सिङ्गो साहित्यिक कृतिको स्वरूपसँग हुन्छ । भाषा संरचना र साहित्यिक संरचनाको एकैसाथ हुने सम्बन्धलाई शैलीका रूपमा लिइन्छ । साहित्यिक कृतिमा भाषा संरचना आधार बनेको हुन्छ भने साहित्यिक संरचना शीर्षीकृत भएर रहेको हुन्छ । भाषा संरचनालाई विशिष्टता प्रदान गरी साहित्यिक कृतिका रूपमा स्थापित गर्न शैलीका चयन, अग्रभूमि निर्माण (विचलन र समान्तरता) तथा विविधता पद्धतिले भूमिका निर्वाह गरेका हुन्छन् ।

### २.२.२.३.१ **चयन (छनोट)**

साहित्यकारका साथमा भाषिक एकाइका अनेक विकल्पहरू उपलब्ध हुन्छन् । तीमध्ये पायक पर्ने कुनै एक विकल्पलाई रोजेर कृतिमा प्रयोग गर्नु नै चयन हो । विकल्प भनेको एउटाको सट्टा अर्काको प्रयोग गर्न सकिने हुनु हो । चयन भनेको छनोट हो (ढकाल, २०७० : १५७) कृतिकारले गरेको चयन सार्थक र उद्देश्यपूर्ण हुनु आवश्यक छ । साहित्यकारले उपलब्ध विकल्पहरूमध्ये विशिष्ट, नवीन, अनौठो र प्रभावकारी ठानेको एकाइको छनोट गरेको हुन्छ ।

### २.२.२.३.२ **अग्रभूमि निर्माण (अग्रभूमि निर्माण)**

साहित्यकारले रचना गर्ने क्रममा कृतिको कुनै न कुनै अंशलाई विशेष जोड दिनु, उजिल्याउनु तथा अगाडि ल्याउनु नै अग्रभूमि निर्माण हो । अति प्रचलन वा सामान्य प्रचलनमा आइसकेका, रूढ तथा यान्त्रिक बनिसकेका र नवीनता तथा आकर्षण गुमाइसकेका भाषिक प्रयोगलाई नवीन र विशिष्ट तरिकाले वा प्रभावकारी रूपमा प्रयोग गरी पाठक वा श्रोताको ध्यानाकर्षण गराउने पद्धति नै अग्रभूमि निर्माण हो । रचनाकारले आफ्नो अभिव्यक्तिलाई तिख्खर अथवा ठाडो वा स्पष्ट र आकर्षक बनाउनका लागि खास धवनि, शब्द, पदावली वा वाक्यलाई विशेष बल दिई अगाडि सार्नु नै अग्रभूमि निर्माण हो ( ढकाल, २०७० : १५७) । यसले अस्वचालन, अपरिचयीकरण, असामान्यता, अद्वितीयता, अनपेक्षितता अप्रायिकता आदि गुणहरू अँगालेको हुन्छ । अग्रभूमि निर्माणबाट बनेका अंशहरू पाठक वा श्रोताका लागि अरूभन्दा बढी रमणीय, प्रभावशाली, सुस्पष्ट, महत्त्वपूर्ण, हृदयस्पर्शी र नवीन लाग्दछन् । अग्रभूमि निर्माणअन्तर्गत विचलन र समानान्तरता पर्दछन् ।

(१) **विचलन**

विचलन भनेको विशिष्ट अर्थ तथा अभिव्यक्तिको सौन्दर्य सृजनाका लागि गरिने मानक प्रयोगको अतिक्रमण वा उल्लङ्घन नै हो । यो समानान्तरताको विपरीत तत्त्व हो ( शर्मा, २०४८ : ८) । साहित्यकारले आफ्ना कृतिमा सचेत वा असचेत रूपमा यस्तो विशिष्ट प्रयोग गरिरहेको हुन्छ । यस्तो प्रयोग जथाभावी वा हचुवा नभई सार्थक र उद्देश्यपूर्ण हुनु आवश्यक छ । यस्तो विचलन भाषाका विभिन्न पक्ष र एकाइमा गरिएको हुन्छ ।

(क) **अर्थतात्त्विक विचलन**

कुनै पनि भाषिक एकाइको सामान्य अर्थ नलगाई छुट्टै वा विशेष अर्थका लागि प्रयोग गर्नुलाई अर्थतात्त्विक विचलन भनिन्छ । यस्तो विचलन प्रयोग भएको अवस्थामा सामान्य अर्थले काम गरेको हुँदैन; जस्तै :

आज आकाश रोइरहेछ ।

यहाँ आकाश रुने सामान्य अर्थमा अतित्रमण गरी झरी परिरहेको र त्यसले उराठिलो वातावरण सृजना गरेको विशिष्ट अर्थलाई द्योतन गरेको छ ।

(ख) **ध्वनिप्रक्रियात्मक विचलन**

कुनै पनि भाषिक एकाइको मानक उच्चारणलाई बिगारेर वा त्यसका विपरीत भिन्न हुने गरी ध्वनि वा उच्चारणको प्रयोग गर्नु नै ध्वनिप्रक्रियात्मक विचलन हो; जस्तै :

फूल फुल्यो बामरी

बाटो छ असजिलो आऊ है रामरी (लोकगीत)

यस गीति अंशमा लय तथा श्रुति मधुरताका लागि ध्वनिप्रक्रियात्मक विचलन गरी बाबरीलाई बामरी र राम्ररीलाई रामरी बनाएर गाइएको वा उच्चारण गरिएको हुन्छ ।

(ग) **व्याकरणिक विचलन**

स्थापित वा प्रचलित वा मानक व्याकरणिक मान्यताका विपरीत रहेर छुट्टै प्रकारको प्रयोग गर्नु नै व्याकरणिक विचलन हो । कृतिकार वा साहित्यकारद्वारा आफ्ना कृतिमा व्याकरणका धेरै पक्षमा यस्तो विचलन गरिएको हुन्छ ।

– **पदक्रम विचलन**

व्याकरणका नियमअनुसार वाक्यका पदहरूको क्रमलाई बेवास्ता गरी वा बिगारी पदहरूको छुट्टै प्रयोग गर्नु नै पदक्रम विचलन हो । अरू साहित्यिक विधामा भन्दा कवितामा यस्तो विचलन बढी गरिएको हुन्छ; जस्तै :

गरीब भन्छौ सुखको मझैँ धनी

मिल्दैन संसार भर कतै पनि

लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित **गरीब** कविताको यस अंशमा नेपाली भाषाको व्याकरणिक मान्यताअनुसारको कर्ता, कर्म, क्रिया आदिको पदक्रम विगारेर प्रयोग गरिएको छ । यहाँ छन्दको व्यवस्थापन तथा लयको सौन्दर्य सृजनाको प्रयोजनका लागि यस्तो विचलन गरिएको हो ।

– **लिङ्गगत विचलन**

व्याकरणिक मान्यताअनुसार पुलिङ्ग र स्त्रीलिङ्ग एउटाको प्रयोग गर्नुपर्नेमा अर्काको प्रयोग गर्नु नै लिङ्गगत विचलन हो; जस्तै :

गङ्गा खालि **सुसाउँछिन्** बगरमा नाना बिलौना गरी

माधव घिमिरेद्वारा रचित गौरी खण्डकाव्यको यस अंशमा नदीलाई पनि स्त्रीलिङ्गी क्रियापदको प्रयोग गरी लिङ्गगत विचलन गरिएको छ । यहाँ छन्द योजना तथा लयको माधुर्यका साथै भाव सौन्दर्यका लागि यस्तो विचलन गरिएको छ ।

– **वचनगत विचलन**

स्थापित व्याकरणिक मान्यताअनुसार एकवचनको प्रयोग गर्नुपर्नेमा बहुवचन र बहुवचनको प्रयोग गर्नुपर्नेमा एकवचनको प्रयोग गर्नु नै वचनगत विचलन हो; जस्तै :

मुग्लान पुगियो

सुखका दिनहरू सबै **सकियो**

यस गीति अंशमा सकिए बहुवचनको क्रियापदको प्रयोग गर्नुपर्नेमा अभिव्यक्तिगत सहजताका लागि पुगियोसँग अनुप्रास मिलाउन बहुवचन सकिए क्रियापदको सट्टा एकवचन सकियो क्रियापदको प्रयोग गरिएकाले वचनगत विचलन भएको पाइन्छ ।

– **आदर विचलन**

आदर गर्नुपर्नेलाई आदर नगर्नु र आदर गर्नु नपर्नेलाई आदर गर्नु नै आदर विचलन हो; जस्तै :

चरी तिमी नै हौ मेरो दुःखको गीत गाउने

यहाँ चरोलाई सामान्य आदरार्थी तिमीको प्रयोग गरिएकाले आदर विचलन भएको छ ।

– **कारक विचलन**

एक प्रकारको कारक प्रयोग गर्नुपर्नेमा अर्कै प्रकारको कारक प्रयोग गरिएमा कारक विचलन हुन्छ; जस्तै :

यो मायाले के भन्छ भन्छ

घरै छोडी भागेर जाऊँ भन्छ

यस गीति अंशमा तिर्यक् कारक **यस**को प्रयोग गर्नुपर्नेमा गेय बनाउनका लागि सरल कारक **यो** प्रयोग गरिएकाले कारक विचलन भएको पाइन्छ ।

– **विभक्ति विचलन**

एउटा विभक्तिको सट्टामा अर्को विभक्तिको प्रयोग गर्नु, विभक्ति नचाहिने ठाउँमा प्रयोग गर्नु र चाहिने ठाउँमा प्रयोग नगर्नु नै विभक्ति विचलन हो; जस्तै :

मैले हाँसिन पिरती गाँस्दै गाँसिन ।

यस गीति अंशमा **ले** विभक्ति आवश्यक नभए पनि गेय बनाउनका लागि प्रयोग भएको छ ।

– **कोशीय विचलन**

प्रचलनमा नआएको वा कोशमै नभएको शब्द प्रयोग गर्नु तथा एउटा सामान्य अर्थमा प्रयोग हुने शब्दलाई अर्कै विशेष अर्थमा प्रयोग गर्नु नै कोशीय विचलन हो; जस्तै :

तिमीलाई पार्दिन अप्ठ्यारो

पार्छु बरु राम्रो र **सप्ठ्यारो**

यस गीति अंशमा अप्ठ्यारो शब्दसँग लय र अनुप्रास मिलाउनका लागि कोशमा नभएको तथा प्रचलनमा नभएको सप्ठ्यारो शब्दको प्रयोग गरिएको छ । सजिलो भन्ने अर्थ प्रदान गर्नका लागि यस शब्दको प्रयोग भएको छ ।

- **प्रयुक्ति विचलन**

खास एउटा विषय क्षेत्रमा प्रयोग हुने शब्दलाई अर्कै विषय क्षेत्रमा प्रयोग गरिएमा प्रयुक्ति विचलन हुन्छ ; जस्तै :

तिमीलाई मैले पूर्णिमाको जून दिएँ तर सट्टामा तिमीले मलाई औँसीको रात दियौ ।

यस अभिव्यक्तिमा पूर्णिमाको जून र औँसीको रात खगोल शास्त्रका शब्दलाई विषय क्षेत्र परिवर्तन गरी व्यक्तिगत तथा व्यावहारिक जीवनसँग जोडेर प्रयोग गरिएकाले प्रयुक्तिगत विचलन भएको छ । भावलाई बढी संवेदनशील बनाउनका लागि यस प्रकारको विचलन गरिएको हो ।

- **भाषिका विचलन**

भाषाको मानक रूपको सट्टा स्थानीय कथ्य बोली वा भाषिकाको प्रयोग गरिएमा भाषिका विचलन हुन्छ; जस्तै :

पोखराको बस

आइपुग्यो खैरेनी झल्को लाइरनी

यस गीति अंशमा मानक क्रियापद **लागिरहने**को सट्टा भाषिका वा कथ्य बोलीअनुसार **लाइरनी** प्रयोग गरिएकाले भाषिका विचलन भएको छ ।

- **लेख्यपक्रियात्मक विचलन**

भाषाको प्रचलित मानक लेखन प्रक्रियालाई बिगारी छुट्टै लेखन प्रक्रिया अपनाएर लेख्नुलाई नै लेख्य प्रक्रियात्मक विचलन भनिन्छ; जस्तै :

माथि
तिमी कहिले कहिले गरिरहन्छौँ ।
तल

यहाँ देवनागरी लिपिको मान्यताअनुसार बायाँबाट दायाँतिर लेखिँदै जानुपर्नेमा त्यसो नगरी वा त्यसलाई बिगारेर शब्दको अर्थअनुसार तलमाथि गरी लेखिएको छ ।

(२) **समानान्तरता**

भाषाका तत्त्वहरूको आवृत्तिपूर्ण प्रयोग नै समानान्तरता हो । यो विचलनका विपरीत अतिरिक्त नियमितता हो । विचलनका विपरीत देखापर्ने उपकरणको नाम नै समानान्तरता हो (पौडेल, २०६९ : ५२) । साहित्यिक कृतिमा अभिव्यक्तिगत सौन्दर्य र विशिष्टता झल्काउन गरिने सादृश्य प्रयोग नै समानान्तरता हो । यो पनि बाह्य र आन्तरिक गरी दुई प्रकारको हुन्छ ।

(क) **बाह्य समानान्तरता**

कुनै भाषिक रूप (संरचना) वा बाह्य आकृतिको बारम्बारको प्रयोग गरिएमा बाह्य समानान्तरता हुन्छ । यो पनि वर्णगत, शब्दगत, वाक्यगत आदि विभिन्न प्रकारको हुन्छ ।

– **वर्णगत समानान्तरता**

समान वर्णको बारम्बारको प्रयोग नै वर्णगत समानान्तरता हो; जस्तै :

बिनी बिनी बीउ बारी सजाउँछु

लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित माली कविताको यस अंशमा ब वर्णको बारम्बार प्रयोग भई वर्णगत समानान्तरता भएको छ ।

– **शब्दगत समानान्तरता**

शाब्दिक एकाइको बारम्बारको प्रयोगबाट शब्दगत समानान्तरता हुन्छ; जस्तै :

आमा ! दुधैको अभिषेक देऊ

वर्चस्व छर्की छवि एक देऊ

सधैँ उज्यालो अनुहार देऊ

यो जिन्दगानी जिइसार देऊ

राष्ट्रनिर्माता खण्डकाव्यको यस अंशमा **देऊ** शब्द चारपटक प्रयोग भई शब्दगत समानान्तरता भएको छ ।

– **पदावलीगत समानान्तरता**

कुनै कृतिमा पदावली एकाइको बारम्बारको प्रयोगबाट पदावलीगत समानान्तरता बन्छ; जस्तै :

ओ युवती ओ रूपवती

कवि गोपालप्रसाद रिमालद्वारा रचित ......प्रति कवितामा यो पदावली तीनपटक प्रयोग गरिएको छ । उक्त कविताको भावलाई बढी सघन र संवेदनशील बनाउने प्रयाजनका लागि यस्तो पदवलीगत समानान्तरताको प्रयोग गरिएको पाइन्छ ।

– **वाक्यांशगत समानान्तरता**

एउटै कृति वा पाठमा कुनै वाक्यांशलाई दोहोऱ्याएर प्रयोग गरिएमा वाक्यांशगत समानान्तरता हुन्छ ; जस्तै :

मैले सोधिनँ-तिम्रो शुभ नाउँ

मैले सोधिनँ-तिम्रो सुन्दर गाउँ

मैले सोधिनँ-काम गर्ने पवित्र ठाउँ

यस अभिव्यक्तिमा **मैले सोधिनँ** भन्ने वाक्यांश तीन पटक प्रयोग भएको हुँदा वाक्यांशगत समानान्तरता भएको छ ।

– **वाक्यगत समानान्तरता**

एउटै कृति वा पाठमा कुनै वाक्यलाई पटकपटक प्रयोग गरिएमा वाक्यगत समानान्तरता हुन्छ; जस्तै :

तिमी ता यहाँ नचिनिने भएछौ

कवि अगमसिँह गिरीद्वारा रचित नचिनिने भएछौ शीर्षकको कवितामा प्रस्तुत पङ्क्ति चारपटक प्रयोग गरिएको छ । अतः यहाँ काक्यगत समानान्तरता भएको पाइन्छ । यस समानान्तरताले उक्त कविताको भाव बढी संवेदनशील गेय तथा श्रुतिमधुर बन्न गएको छ ।

(ख) **आन्तरिक समानान्तरता**

उही भाव वा अर्थको पुनरावृत्ति भएमा आन्तरिक समानान्तरता हुन्छ; जस्तै :

तिमी आकाशकी जून हौ

तिमी धरतीकी फूल हौ

यहाँ जून र फूल दुबै शब्दबाट आफ्नी प्रेयसीको सुन्दरताको समान अर्थ बोध गरिएकाले आन्तरिक समानान्तरता भएको छ ।

**२.२.२.३.३ विविधता**

कुनै पनि साहित्यिक कृतिमा वक्ता वा लेखक र विषयको प्रकृतिअनुसार भाषाका अनेक भेदहरू रहेका हुन्छन् । साहित्यकारले आफ्नो प्रयोजनका लागि यस्ता अनेक भेदहरूको प्रयोगमा फेरबदल ल्याई शैलीलाई विशिष्ट बनाउन सक्छ । शैलीविज्ञानले कृतिमा अपनाइएको यस्तो विविधताको पनि विश्लेषण गर्दछ ।

**२.२.३ निष्कर्ष**

यसरी शैलीविज्ञानले निर्देश गरेअनुसार शैलीको विश्लेषणका उपर्युक्त पक्षहरूमध्ये प्रस्तुत शोधकार्यमा **नरकको ढोका** कविता सङ्ग्रहका कविताहरूमा प्रयुक्त अग्रभूमि निर्माण-अन्तर्गका विचलन र समान्तरताका कोणबाट मात्र विश्लेषण गरिएको छ । विश्लेषण गर्ने क्रममा अग्रभूमि निर्माणका दुई पक्ष विचलन र समानान्तरतालाई छुट्टाछुट्टै शीर्षकमा र तिनका भेदहरूलाई विभिन्न उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ । यिनमा उपलब्ध भएसम्मका उदाहरण प्रस्तुत गरी विश्लेषण गरेर प्रस्ट पारिएको छ । सकभर सङ्ग्रहका सबै कविताको प्रतिनिधित्व हुने गरी उदाहरण दिइएको छ । धेरै उदाहरण पाइएको स्थितिमा भने शोधकर्ताद्वारा सबैभन्दा उपयुक्त तथा महत्त्वपूर्ण ठानिएको उदाहरणलाई प्रतिनिधि नमुनाका रूपमा चयन गरी प्रस्तुत गरिएको छ । सीमित उदाहरण भएको स्थितिमा भने सबै खण्डको प्रतिनिधित्व गराउन सकिएको छैन ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ पृष्ठभूमि

कवि नारायण ढकालद्वारा रचित 'नरकको ढोका' कविता सङ्ग्रहका कविताहरूको अग्रभूमि निर्माणका महत्त्वपूर्ण पक्ष विचलन र समानान्तरताका दृष्टिले गरिएको प्रस्तुत शोधकार्यअन्तर्गत अध्ययन विश्लेषणका क्रममा विभिन्न विधि र प्रक्रियाहरू अवलम्बन गरिएका छन् । अध्ययन विश्लेषणका क्रममा शैलीविज्ञान र त्यसअन्तर्गतको महत्त्वपूर्ण पक्ष अग्रभूमि निर्माणको सैद्धान्तिक आधार लिइएको छ । अध्ययन विश्लेषणका सन्दर्भमा अवलम्बन गरिएका विधि र प्रक्रियाहरूलाई निम्नलिखित उपशीर्षकअन्तर्गत उल्लेख गरिएको छ :

## ३.२ सामग्री सङ्कलन

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका निम्ति पुस्तकालयीय अध्ययन कार्यलाई आधार बनाई आवश्यक सामग्रीहरूको सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरिएको छ ।

### ३.२.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि कवि नारायण ढकालद्वारा रचित तथा लहर प्रकाशनद्वारा प्रथम पटक वि.सं. २०७५ मङ्सिरमा प्रकाशित 'नरकको ढोका' कविता सङ्ग्रहका कविताहरूका मूल पाठलाई प्राथमिक तथा मूल स्रोतको सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### ३.२.२ द्वितीयक स्रोत

शोध्य कृति 'नरकको ढोका' कविता सङ्ग्रका कविताहरूका बारेमा तथा शैलीविज्ञानका पद्धतिहरूमध्ये अग्रभूमि निर्माणसँग सम्बन्धित तथा निकट रहेका यसअगिका पुस्तक, शेधपत्र, लेख आदिमा उल्लेख गरिएका सामग्री तथा शोध निर्देशकका निर्देशन र अन्य विषय विशेषज्ञका रायसुझाउलाई द्वितीयक तथा गौण स्रोत सामग्रीका रूपमा सङ्कलन गरी उपयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको व्याख्या विश्लेषण प्रक्रिया

'नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा अग्रभूमि निर्माण' शीर्षकको प्रस्तुत शोध अध्ययन आधुनिक शैलीविज्ञानको सैद्धान्तिक आधार लिई प्रायोगिक रूपमा अध्ययन विश्लेषण गरी सम्पन्न गरिएको छ । यस सन्दर्भमा पुस्तकालयीय अध्ययन कार्यलाई आधार बनाई प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीको अध्ययन विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । अध्ययन विश्लेषणका क्रममा विभिन्न विधिहरू उपयोग गरिएका छन् । विशेषतः शैलीविज्ञान र अग्रभूमि निर्माणको सैद्धान्तिक स्वरूपको निरूपणका लागि वर्णनात्मक र निगमनात्मक विधिको उपयोग गरिएको छ । त्यसै गरी कविताका अंशहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरी अग्रभूमि निर्माणका विभिन्न प्रक्रियाहरूको पुष्टि गर्ने क्रममा अंशतः आगमनात्मक विधिको समेत उपयोग गरिएको छ । व्याख्या विश्लेषणका क्रममा सुरुमा कविताहरूका मूल पाठमा रहेका विचलन र समानान्तरताको खोजी गरिएको छ । उपलब्ध भएसम्म कविता सङ्ग्रहका सबै कविताहरूका मूल पाठबाट प्रतिनिधित्व हुने गरी विभिन्न प्रकारका विचलन र समानान्तताका मुख्य अंशहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरी त्यसपछि तिनको पुष्टिसमेत गरिएको छ । धेरै उदाहरण उपलब्ध भएको स्थितिमा भने तीमध्ये सबैभन्दा प्रभावकारीलाई छनोट गरी विश्लेषण गरिएको छ ।

## अध्याय चार

# नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा शैलीवैज्ञानिक विचलन

## ४.१ पृष्ठभूमि

यस अध्यायमा कवि नारायण ढकालद्वारा रचित नरकको ढोका कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा प्रयुक्त शैलीवैज्ञानिक विचलनका तथ्यहरूको खोजी गरी तिनको व्याख्या तथा विश्लेषण गरिएको छ । उक्त कविताहरूमा प्रयुक्त विभिन्न विचलनहरूका भिन्नभिन्न स्थिति र प्रकारहरू रहेका छन् । यस क्रममा विचलनका उक्त विभिन्न प्रकारहरूको अध्ययन विश्लेषणलाई छुट्टाछुट्टै शीर्षक र उपशीर्षकहरूअन्तर्गत क्रमशः प्रस्तुत गरिएको छ ।

## ४.२ अर्थतात्त्विक विचलन

'नरकको ढोका' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये प्रायः सबैजसो कविताहरूमा अर्थातात्त्विक विचलनको प्रयोग गरिएको छ । तीमध्ये मुख्य अंशहरूलाई उल्लेख गरी यसप्रकार विश्लेषण गरिएको छ :

उदाहरण

हतियार
सडकमा छन्
गल्लीमा छन्
गोरेटा र घोडेटामा छन्
(हतियार, पृ.९)

यस कवितांशमा हतियार सडकमा, गल्लीमा, गोरेटामा र घोडेटामा छन् भन्ने कुरा उल्लेख गरिएको छ । सामान्यतः हतियार त्यस्ता ठाउँहरूमा हुँदैनन् । अतः यहाँ अर्थतात्त्विक विचलन गरिएको पाइन्छ । यहाँ तत्कालीन परिवेशमा मानिस कहीँ पनि सुरक्षित हुन नसकेको र जताततै त्रसित र आतङ्कित भएर पीडाग्रस्त अवस्थामा बाँच्नु परको कुरालाई अर्थतात्त्विक विचलनका माध्यमबाट विशिष्ट बनाई प्रस्तुत गरिएको छ ।

उदाहरण

तिमीले भोक लाग्यो भन्दा उनीहरूले बारुद दिए
(वीर कम्पुचियाली योद्धाको नाममा, पृ.११)

यस पङ्क्तिमा भोक लाग्दा बारुद दिइएको कुरा उल्लेख गरिएको छ । सामान्यतः बारुद खाने कुरा होइन र भोक लाग्दा बारुद दिने कुरा पनि हुँदैन । अतः यहाँ अर्थतात्त्विक विचलन भएको पाइन्छ । यहाँ कम्पुचियाली योद्धाहरूले गास, बास र कपास जस्ता मौलिक हक र अधिकार माग्दा उल्टै कठोर दमन गरिएको कुरालाई अर्थतात्त्विक विचलन गरी विशिष्ट रूपमा प्रस्तुत गरिएको छ ।

उदाहरण

इन्द्रेणीका आँखा उस्का पहाड-मधेश फिर्थे
श्रमिकका हत्केला र पाखुरीमा चुम्थे

(गोकुल जोशी, पृ.१२)

यहाँ इन्द्रेणीका आँखा पहाड र मधेश फिर्थे र श्रमिकका हत्केला र पाखुरीमा चुम्थे भनिएको छ । सामान्यतः इन्द्रेणीका आँखा हुने, पहाड र मधेश डुल्ने अनि आँखाले हत्केला र पाखुरीमा चुम्ने कुरा सम्भव र स्वाभाविक मान्न सकिँदैन । अतः यहाँ अर्थतात्त्विक विचलन भएको छ । प्रगतिवादी कवि गोकुल जोशीको सबै क्षेत्रका श्रमजीवी जनताप्रतिको दृष्टिकोण अत्यन्त सम्मानपूर्ण, सकारात्मक, स्नेपूर्ण, सहृदय, सुन्दर र आकर्षक थियो भन्ने कुरालाई यस सन्दर्भमा अर्थतात्त्विक विचलनका माध्यमबाट विशिष्ट रूपमा उल्लेख गएिको छ ।

उदाहरण

देश मेरो गीत हो
.........................
देश मेरो कविता हो
.........................
देश मेरो जीवन हो
.........................

देश मेरो आस्था हो

.........................

देश मेरो छाती हो

.........................

(देश र कविता, पृ.१३ र १४)

देश र कविता शीर्षकको कविताका विभिन्न अनुच्छेदमा यी अभिव्यक्तिहरू रहेका छन् । देशलाई कविले आफ्नो गीत, कविता, जीवन, आस्था र छाती मानेका छन् जुन कुरा समान्य, सम्भव र स्वाभाविक छैनन् । अतः यहाँ अर्थतात्त्विक विचलन गरिएको छ । कविले आफ्ना गीत र कविताका धून र लयमा देशको ममता र स्नेहले अभिव्यक्ति पाएको, आफ्नो जीवनको अस्तित्व देशको अस्तित्वसँग जोडिएर अभिन्न बनेको, आफ्नो देशप्रति पूरा आस्था रहेको र आफ्नो देश छातीको ढुकढुकी जत्तिकै प्रिय रहेको वा भनौं आफूले देशको महिमा र गरिमालाई सर्वोपरि ठानेको देशभक्तिपूर्ण भावनालाई अर्थतात्त्विक विचलनका माध्यमबाट विशिष्ट शैलीको निर्माण गरी प्रस्तुत गरिएको पाइन्छ ।

उदाहरण

जब मऱ्यो तिम्रो आत्मा
त्यो सुनको बिहान रहेन

(पतन, पृ.१७)

यस कवितांशमा तिम्रो आत्मा मरेपछि सुनको बिहान रहेन भनिएको छ । बिहान सुनको हुन सम्भव छैन । अतः यहाँ अर्थतात्त्विक विचलन भएको छ । यहाँ जब कानुन वा विधानको मूल मर्ममाथि प्रहार भयो वा त्यसलाई निस्तेज तुल्याइयो, तब हामी जनताको सुनौलो वा उज्यालो भविष्यको आशा पनि हरायो भन्ने आशयलाई अर्थतात्त्विक विचलन गरी अभिव्यक्तिगत सौन्दर्यको सिर्जना गरिएको छ । यसले गर्दा यस अभिव्यक्तिमा विशिष्ट शैली निर्माण भएको छ ।

उदाहरण

हरेक साँझ कविहरू त्यहाँ पुग्छन्
चियाको सुर्कीसँगै कविता, देश र प्रेमको कुरा गर्छन्
एक टुक्रा मामुली खुसीमा आत्ममुग्ध हुन्छन्

(सङ्कटमा छ कविकुना, पृ.२०)

यस पङ्क्तिमा कविहरू एक टुक्रा खुसीमा आत्ममुग्ध हुन्छन् भनिएको छ । सामान्यतः खुसीको टुक्रा हुँदैन । अतः यहाँ शैलीवैज्ञानिक विचलनअन्तर्गत अर्थतात्त्विक विचलन भएको छ । कवि साहित्यकारहरू एउटा सानै ठाउँमा बसेर भए पनि देश र जनताको भलोको कुरा कविता वा साहित्यका माध्यमबाट अभिव्यक्त गर्न पाए भने ठूलो सन्तुष्टि प्राप्त गर्छन् । उनीहरूलाई अन्य कुनै कुराको लोभ, लालच र मोह हुँदैन । यस सामान्य कुरालाई कविले यहाँ अर्थतात्त्विक विचलन गरी विशिष्ट बनाएर सुन्दर तरिकाले अभिव्यक्ति दिएका छन् ।

उदाहरण

हजारौँ वर्षदेखि

म तिम्रो ढोकाबाहिर छु

अनाथ अनागरिक ।

(म तिम्रो ढोकाबाहिर, पृ.२२)

यस अभिव्यक्तिमा आफू अनाथ र अनागरिक भएर तिम्रो ढोकाबाहिर रहेको कुरा गरिएको छ । सामान्यतः कोही मानिस हजारौँ वर्षसम्म ढोकाबाहिर बस्न सम्भव हुँदैन । अतः यहाँ अर्थतात्त्विक विचलन भएको छ । रगत र पसिना बगाएर अर्काको घर बनादिने ज्यामीहरूलाई बनिसकेपछि त्यसै घरमा जातिगत विभेद र छुवाछुत जस्तो सामाजिक विकृतिका कारण प्रवेश गर्न नदिएर सामान्य नागरिकको हक अधिकारबाट बञ्चित गराइएको र यो कुप्रथा हजारौँ वर्षदेखि चलिरहेको तीतो यथार्थलाई कविले यस कवितांशमा अर्थतात्त्विक विचलनका माध्यमबाट विशिष्ट बनाएर प्रस्तुत गरेका छन् ।

उदाहरण

मृत्युलाई छक्याउन म भाग्दै छु भीडतिर

एकदमै चर्को कोलाहल, धूलो धूवाँ र ठिही

(मृत्यु उत्सव, पृ.२३)

यस पङ्क्तिमा कविले मृत्युलाई छक्याउन आफू भिडतिर भागेको कुरा व्यक्त गरेका छन् । सामान्यतः मृत्युलाई न त छकाउन सकिन्छ न भिडमा पुगेर त्यसबाट भाग्न सकिन्छ ।

अतः यहाँ अर्थतात्त्विक विचलन भएको पाइन्छ । देश गृहयुद्धमा फसेको सङ्कटको घडीमा सर्वसाधारण निर्दोष जनतालाई दोहोरो मारमा परेर अनाहकमा मरिन्छ कि भन्ने त्रास भएको र अकालमा मर्नबाट जोगिनका लागि लुक्दै हिँड्नुपरेको कुरालाई यस कवितांशमा अर्थतात्त्विक विचलनका माध्यमबाट विशिष्ट रूपमा अभिव्यक्त गरिएको छ ।

उदाहरण

तिम्रो आत्मा

देहमुक्त भएर

मेरो आत्माको बगैँचामा

डुल्न आउँथ्यो

होइन ?

(उज्यालो, पृ.२८)

यस कवितांशमा एउटाको आत्मा देहमुक्त भएर अर्को आत्माको बगैँचामा डुल्न आउँथ्यो भन्ने कुरा व्यक्त गरिएको छ । सामान्यतः मानिसको आत्मा देहमुक्त हुने र आत्माको बगैँचा हुने तथा त्यसमा प्रवेश गर्ने भन्ने कुरा स्वाभाविक मानिँदैन । अतः यहाँ प्रेयसीले विगतमा आफूप्रति देखाएको आत्मीयता र समर्पणभावलाई अर्थतात्त्विक विचलनका माध्यमबाट विशिष्ट बनाई प्रस्तुत गरिएको छ ।

उदाहरण

म उभिएको छु

नरकको ढोकामा

(नरकयात्रा–१, पृ.३१)

यी पङ्क्तिमा कविद्वारा आफू नरकको ढोकामा उभिएको कुरा व्यक्त गरिएको छ । सामान्यतः नरकको ढोका हुने र त्यसको ढोकामा उभिने कुरा सम्भव र स्वाभाविक हुँदैन । अतः यहाँ अर्थतात्त्विक विचलन भएको छ । अहिले समाज डरत्रास, हत्याहिंसा, क्रूरता, स्वार्थ, अविश्वास जस्ता विकृति र विसङ्गतिले घृणित स्थल बनेको र विवश भएर

मानिस त्यसको नजिकै रहेर बाँच्नुपरेको परिस्थितिलाई अर्थतात्त्विक विचलनका माध्यमबाट विशिष्ट बनाई यस कवितांशमा प्रस्तुत गरिएको छ ।

उदाहरण

मभित्र सानो नरक छ

मबाहिर ठूलो नरक छ

(नरकयात्रा–३, पृ.३३)

यस कवितांशमा आफू कवि मानिसभित्र सानो नरक भएको र आफूबाहिर ठूलो नरक भएको कुरा गरिएको छ । सामान्यतः मानिसभित्र र बाहिर नरक हुने कुरा सम्भव र स्वाभाविक हुँदैन । अतः यहाँ अर्थतात्त्विक विचलन भएको छ । वर्तमान समाजमा हरेक मानिस क्रूर र स्वार्थी बनेको तर त्यसभन्दा पनि सिङ्गो समाज र शासक अझ बढी क्रूर बनेको तीतो यथार्थलाई प्रस्तुत गरिएको छ । । यसरी यस कवितांशमा अर्थतात्त्विक विचलन गरी सामान्य भनाइलाई विशिष्ट बनाएर व्यक्त गरिएको छ ।

उदाहरण

तिम्रो प्रेममा

मान्छे हुन सकिनँ

(तिम्रो प्रेमको नागरिकशास्त्र, पृ.४२)

यस कवितांशमा कवि प्रेमीद्वारा आफ्नी प्रेयसीलाई उनको प्रेममा आफू मान्छे हुन नसकेको गुनासो व्यक्त गरिएको छ । सामान्यतः प्रेममा मान्छे हुने र नहुने कुरा सान्दर्भिक र स्वाभाविक मानिँदैन । अतः यहाँ अर्थतात्त्विक विचलन गरिएको छ । आफूले आफ्नी प्रेयसीलाई जतिसुकै आत्मीयता, प्रेम, त्याग र समर्पणभाव प्रकट गरे पनि उनले त्यसको कदर नगरेको र आफूलाई सामान्य मान्छेको रूपमा ग्रहण नगरिएको कुरालाई अर्थतात्त्विक विचलनका माध्यमबाट विशिष्ट बनाएर प्रस्तुत गरिएको छ ।

उदाहरण

मलाई थाहा छ शताब्दियौँदेखि

ऊ टेकिरहेको छ फलामे टापहरू

स्वतन्त्रताको छातीमा

र, काट्न खोज्दै छ मेरा कवि-पखेटाहरू

(शब्दनाद र कवि पखेटा, पृ.५७)

यस कवितांशमा कविद्वारा उसले फलामे टापले स्वतन्त्रताको छातीमा टेकेको अनि आफ्ना पखेटाहरू काट्न खोज्दै गरेको कुरा उल्लेख गरिएको छ । सामान्यतः मानिसको फलामे टाप, स्वतन्त्रताको छाती र कविका पखेटाहरू अस्वाभाविक र असम्भव हुन्छन् । अतः यहाँ अर्थतात्त्विक विचलन गरिएको छ । क्रूर शासकले कवि लेखकहरूको स्वतन्त्रता हरणको गरेको र दमन गर्न खोजेको कुरालाई यस कवितांशमा अर्थतात्त्विक विचलनका माध्यमबाट विशिष्ट बनाई उल्लेख गरिएको छ ।

यसप्रकार नरकको ढोका कविता सङ्ग्रहका कविताहरूका विभिन्न अंशहरूमा विभिन्न ढाँचामा अर्थतात्त्विक विचलन गरिएका उदाहरणहरू प्रशस्त रहेका छन् । यिनमा अर्थतात्त्विक विचलनका माध्यमबाट अभिव्यक्तिलाई सशक्त, सघन, संवेदनशील, सुन्दर, आकर्षक, सुमधुर र ओजपूर्ण बनाइएको छ । यस विचलनले गर्दा उक्त कविताहरूको शैली उत्कृष्ट र विशिष्ट बनेको पाइन्छ ।

## ४.३ ध्वनिप्रक्रियात्मक विचलन

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा ध्वनिप्रक्रियात्मक विचलनको केही मात्र प्रयोग भएको पाइन्छ । तीमध्ये ध्वनिप्रक्रियात्मक विचलनका मुख्य अंशहरूलाई यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ :

उदाहरण

एसियाको फूलबारीमा यौटा फूल फुल्यो

नेपालीको व्यथा बोकी वनपाखा डुल्यो

(गोकुल जोशी, पृ.१२

गोकुल जोशी कविताको यस अंशमा ध्वनिप्रक्रियात्मक विचलन भएको पाइन्छ । यहाँ **एउटा** मानक शब्दको सट्टामा ध्वनि परिवर्तन गरी **यौटा** शब्दको प्रयोग भएकाले ध्वनिप्रक्रियात्मक विचलन गरिएको छ । अभिव्यक्तिलाई सहज र गेय बनाउने प्रयोजनका लागि यस्तो विचलन गरिएको पाइन्छ ।

उदाहरण

उसले भन्थ्यो जिन्दगीको अँधेरोलाई बाल्छु
अन्याय र अत्याचारको कुहिरोलाई फाल्छु

(गोकुल जोशी, पृ.१२)

गोकुल जोशी कविताको यस अंशमा **अँध्यारो** मानक शब्दलाई ध्वनि परिवर्तन गरी **अँधेरो** बनाई प्रयोग गरिएको छ । यहाँ कुहिरो शब्दसँग अनुप्रास मिलाउने अभिव्यक्तिमा मिठास र सहजता ल्याउनका लागि यसप्रकारको धवनिप्रक्रियात्मक विचलन गरिएको पाइन्छ ।

यसप्रकार ध्वनिप्रक्रियात्मक विचलनका माध्यमबाट यस कविता सङ्ग्रहका कविताहरूमा अभिव्यक्तिगत सहजता, श्रुतिमधुरता, सरलता र आन्तरिक लय सृजनाको प्रयोजन पूरा गरिएको छ ।

## ४.४ व्याकरणिक विचलन

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा व्याकरणिक विचलनको प्रयोग भएको छ । यी कविताहरूमा भएका विभिन्न प्रकारका व्याकरणिक विचलनलाई छुट्टाछुट्टै उपशीर्षकमा उदाहरणसहित उल्लेख उल्लेख गरी विश्लेषण गरिएको छ ।

### ४.४.१ पदक्रम विचलन

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा पदक्रम विचलनका अत्यधिक उदाहरणहरू पाइन्छन् । यहाँ तीमध्ये केही मुख्य अंशहरूलाई उदाहरणका रूपमा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

उदाहरण

प्रत्येक दिन हामी सुन्छौँ

तिनका कर्कश आवाज

(हतियार, : ९)

हतियार कविताको यस अंशमा **हामी प्रत्येक दिन तिनका कर्कश आवाज सुन्छौँ** हुनुपर्नेमा व्याकरणिक पदक्रममा विचलन ल्याइएको छ । यहाँ वाक्यको सुरुमा कर्ता र अन्त्यमा क्रियापद हुनुपर्नेमा आन्तरिक लय सृजनाका लागि यसप्रकारको पदक्रम विचलन गरिएको पाइन्छ ।

उदाहरण

शहर र गाउँमा

सभ्यता र सौन्दर्यको ढुकढुकीमा

मैले तिमीलाई भेटेँ

(लु शुन, : १०)

यस पङ्क्तिमा व्याकरणिक पदक्रमअनुसार **मैले तिमीलाई शहर र गाउँमा सभ्यता र सौन्दर्यको ढुकढुकीमा भेटेँ** हुनुपर्नेमा त्यसो नगरी व्याकरिणक पदक्रममा विचलन ल्याई प्रयोग गरिएको छ । यहाँ कर्तालाई बिचमा राखी मानक पदक्रमलाई भङ्ग गरिएको छ ।

उदाहरण

धेरै टाढाको देशमा बस्ने

एउटा सिकारु कवि म

तिम्रो समर्थनमा

के दिन सक्छु र यो सानो कविताबाहेक !

(वीर कम्पुचियाली योद्धाको नाममा, पृ.११)

यस कविताांशमा पदहरूको व्याकरणिक पदक्रम भङ्ग वा विचलन भएको छ । यहाँ मानक पदक्रमअनुसार कर्ता, क्रिया र अन्य पदहरूको क्रम **धेरै टाढाको देशमा बस्ने एउटा सिकारु कवि म तिम्रो समर्थनमा यो सानो कविताबाहेक के दिन सक्छु र !** हुनुपर्नेमा त्यसो गरिएको छैन ।

उदाहरण

मेरो आँगनमा आएको छ

एउटा जल्लाद

(महाशक्ति, पृ.१४)

यस कविताांशमा मानक पदक्रमअनुसार **एउटा जल्लाद मेरो आँगनमा आएको छ** हुनुपर्नेमा त्यसो नगरी क्रियापदलाई बिचमा र कर्तालाई अन्तिममा राखेर व्याकरणिक पदक्रममा विचलन ल्याइएको छ ।

उदाहरण

अचानक मऱ्यो

विधानको प्रस्तावना

(पतन, पृ.१६)

यस कविताांशमा व्याकरणिक पदक्रमअनुसार **विधानको प्रस्तावना अचानक मऱ्यो** हुनुपर्नेमा त्यसो नगरी कर्तालाई अन्तिममा प्रयोग गरी व्याकरणिक पदक्रममा विचलन ल्याइएको छ ।

उदाहरण

अब तिमी जतिसुकै ठूलो आवाजमा चिच्याऊ

(मलामी, पृ.१८)

यस पङ्क्तिमा व्याकरणिक पदक्रमअनुसार हेर्दा तिमी (कर्ता) र अब (क्रियाविशेषण) को पदक्रम बिगारेर वा त्यसमा विचलन ल्याई उल्टो बनाइएको छ । यसको मानक वा व्याकरणिक पदक्रम तिमी अब जतिसुकै ठूलो आवाजमा चिच्याऊ हुन्छ ।

उदाहरण

हजारौँ वर्षदेखि

म तिम्रो ढोकाबाहिर छु

(म तिम्रो ढोकाबाहिर, पृ.२२)

यस कवितांशमा व्याकरणिक पदक्रमअनुसार **म हजारौँ वर्षदेखि तिम्रो ढोकाबाहिर छु** हुनुपर्नेमा त्यसो नगरी व्याकरणिक पदक्रममा विचलन ल्याइएको छ ।

उदाहरण

म उभिएको छु

नरकको ढोकामा

(नरकयात्रा-१, : ३१)

यस कवितांशमा पदहरूको व्याकरणिक पदक्रम भङ्ग वा विचलन भएको छ । यहाँ मानक पदक्रमअनुसार कर्ता, क्रिया र अन्य पदहरूको क्रम **म** 'नरकको ढोका'**मा उभिएको छु** हुनुपर्नेमा क्रियालाई बिचमा प्रयोग गरिएको छ ।

उदाहरण

ठसठसती गन्हाउने भीडमा
म हेलिएँ

(नरकयात्रा-२, पृ.३२)

यस कवितांशमा पदहरूको मानक वा व्याकरणिक पदक्रम भङ्ग भएको छ । यहाँ मानक पदक्रमअनुसार कर्ता, क्रिया र अन्य पदहरूको क्रम **म ठसठसती गन्हाउने भीडमा हेलिएँ** हुनुपर्नेमा त्यसो नगरी कर्तालाई बिचमा प्रयोग गरिएको छ ।

उदाहरण

कसले सिकायो
ती बुद्धिजीवीहरूलाई
सत्ताको दलाली गर्न ?

(बुद्धिजीवी, पृ.३८)

यस कवितांशमा पदहरूको व्याकरणिक पदक्रम भङ्ग वा विचलन भएको छ । यहाँ मानक पदक्रमअनुसार कर्ता, कर्म, क्रिया र अन्य पदहरूको क्रम **ती बुद्धिजीवीहरूलाई सत्ताको दलाली गर्न कसले सिकायो** ? हुनुपर्नेमा कर्ता र क्रियालाई बिचमा प्रयोग गरिएको छ ।

उदाहरण

तिम्रो प्रेममा

मान्छे हुन सकिनँ म

(तिम्रो प्रेमको नागरिकशास्त्र, पृ.४२)

यस कवितांशमा पदहरूको मानक वा व्याकरणिक पदक्रममा विचलन भएको छ । यहाँ मानक पदक्रमअनुसार कर्ता, क्रिया र अन्य पदहरूको क्रम **म तिम्रो प्रेममा मान्छे हुन सकिनँ** हुनुपर्नेमा कर्तालाई अन्त्यमा र क्रियालाई बिचमा प्रयोग गरिएको छ

उदाहरण

बिहान सधैँ ब्युँझदासाथ

ऊ हेर्छ आफ्नो पुड्के झ्यालबाट

(इतिहास, पृ.४७)

यस कवितांशमा पदहरूको व्याकरणिक पदक्रम भङ्ग वा विचलन भएको छ । यहाँ मानक पदक्रमअनुसार कर्ता, कर्म, क्रिया र अन्य पदहरूको क्रम **ऊ सधैँ बिहान ब्युझँदासाथ आफ्नो पुड्के झ्यालबाट हेर्छ** हुनुपर्नेमा कर्ता र क्रियालाई बिचमा प्रयोग गरिएको छ :

उदाहरण

अहिले म तिम्रो कारागारमा बन्द छु

स्नेहको अग्लो पर्खालले घेरिएको

(सुदूर सम्झना, पृ.५०)

यस कवितांशमा पदहरूको मानक वा व्याकरणिक पदक्रममा विचलन भएको छ । यहाँ मानक पदक्रमअनुसार **म अहिले स्नेहको अग्लो पर्खालले घेरिएको तिम्रो कारागारमा बन्द छु** हुनुपर्नेमा कर्तालाई बिचमा प्रयोग गरिएको छ ।

उदाहरण

एउटा मोडमा पुगेपछि

पछाडि छुटे केही कवि-साथीहरू

त्यसपछि कविता मर्‍यो

(कविताको पुनर्जन्म, पृ.५८)

यस कवितांशमा पदहरूको मानक वा व्याकरणिक पदक्रममा विचलन भएको छ । यहाँ मानक पदक्रमअनुसार कर्ता, क्रिया र अन्य पदहरूको क्रम **केही कवि-साथीहरू एउटा मोडमा पुगेपछि पछाडि छुटे त्यसपछि कविता मर्‍यो** हुनुपर्नेमा कर्तालाई अन्त्यमा र क्रियालाई बिचमा प्रयोग गरिएको छ ।

यसप्रकार नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा पदक्रम विचलनका माध्यमबाट कवितात्मक सौन्दर्य, आन्तरिक लयको सृजना वा गेयता, श्रुतिमधुरता र भाव सौन्दर्यको प्रयोजन पूरा गरिएको छ ।

### ४.४.२ वचनगत विचलन

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा ज्यादै सीमित मात्रामा वचनगत विचलन गरिएको पाइन्छ । यहाँ भएका वचनगत विचलनलाई यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ :

उदाहरण

हे दधीचिको हाड खोजिरहेका योद्धा !

म तिमीलाई मेरो हाडका शस्त्रहरू दिन चाहन्छु

(देश र कविता, पृ.१४)

यस पङ्क्तिमा **मेरो हाडका** पदावलीको प्रयोग गरिएको छ । एउटा हाडले मात्र शस्त्र बन्न सक्दैन । यहाँ **मेरा हाडहरूका** पदावलीको प्रयोग हुनुपर्ने हो । अतः यहाँ बहुवचनका सट्टा एकवचनको प्रयोग गरिएकाले वचनगत विचलन भएको छ । यसप्रकारको वचनगत विचलनले अभिव्यक्तिलाई सहज बनाएको पाइन्छ ।

उदाहरण

मैले कहिल्यै देखिनँ उसको ललाटमा पराजयको ईख

मैले कहिल्यै भेटिनँ उसको आँखामा व्यभिचारको भीख

(बोधिवृक्ष, पृ.२५)

यस कवितांशमा **उसका आँखामा** पदावलीको सट्टा **उसको आँखामा** प्रयोग गरिएको वा बहुवचनको **का** विभक्तिको सट्टा एकवचनको **को** विभक्तिको प्रयोग गरिएको छ । आँखा दुईवटा हुने भएकाले मानक व्याकरणअनुसार उक्त पदवलीमा **उसका** भेदक विशेषण हुनुपर्ने भए पनि वचन विचलन गरी **उसको** भेदक विशेषणको प्रयोग गरिएको पाइन्छ । यहाँ माथिल्लो पङ्क्तिमा भएको **उसको ललाट** पदवलीसँग अनुप्रास मिलाई श्रुतिमधुरता ल्याउनका लागि उक्त विचलन गरिएको पाइन्छ ।

### ४.४.३ आदर विचलन

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा ज्यादै सीमित मात्रामा वा भनौं एकदुई ठाउँमा मात्र आदरको विचलन गरिएको पाइन्छ । यसमा भएका आदर विचलनलाई यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ :

उदाहरण

उसले भन्थ्यो जिन्दगीको अँधेरोलाई बाल्छु

अन्याय र अत्याचारको कुहिरोलाई फाल्छु

(गोकुल जोशी, पृ.१२)

यी श्रुतिमधुर पङ्क्तिमा श्रमजीवी जनताका प्रिय तथा आदरणीय कवि गोकुल जोशीका लागि आदरार्थी सर्वनाम **उनले** र क्रियापद **भन्थे**को प्रयोग गर्नुपर्नेमा आदर विचलन गरी अनादरार्थी सर्वनाम **उसले** र क्रियापद **भन्थ्यो**को प्रयोग गरिएको छ । यो

विचलन लय योजना अभिव्यक्तिलाई सहज सम्प्रेष्य बनाउने प्रयोजनका लागि गरिएको पाइन्छ ।

### ४.४.४ कारक विचलन

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा ज्यादै सीमित मात्रामा मात्र कारक विचलन गरिएको पाइन्छ । यसमा भएका कारक विचलनलाई यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ :

उदाहरण

अझै पनि त्यो गाउँमा

प्रकृतिको हालहुकुम छ

(मूलपानी, पृ.३९)

यस पङ्क्तिमा **त्यस** (तिर्यक् कारक) गाउँमा हुनुपर्नेमा **त्यो** (सरल कारक) गाउँमा उल्लेख भएको छ । यहाँ **त्यस** सार्वनामिक विशेषणको सट्टा **त्यो** प्रयोग गर्नु कारक विचलन हो । उक्त कविताांशलाई अभिव्यक्तिगत सहजता र सरलता ल्याउने प्रयोजनका लागि यस्तो विचलन गरिएको पाइन्छ ।

उदाहरण

त्यसपछि यो कथाको वियोगान्त शुरु भयो

र, मैले प्रेम गर्दा गर्दै

मान्छे हुने योग्यता गुमाएँ

(तिम्रो प्रेमको नागरिकशास्त्र, पृ.४६)

यस कवितांशमा तिर्यक् कारक **यस** (कथाको) हुनुपर्नेमा सरल कारक **यो** (कथाको) बनाई प्रयोग गरिएकाले कारक विचलन भएको छ । यस कवितांशमा अभिव्यक्तिगत सहजता र सरलता ल्यााउने प्रयोजनको लागि यस्तो विचलन गरिएको पाइन्छ ।

उदाहरण

ऊ त्यो भ्रममा उभिएर
बन्न खोज्दै छ इतिहासपुरुष
(इतिहास, पृ.४७)

यस कवितांशमा तिर्यक् कारक **त्यस** (भ्रममा) हुनुपर्नेमा सरल कारक **त्यो** (भ्रममा) को प्रयोग गरिएकाले कारक विचलन भएको छ । यस कवितांशलाई बढी गेय र सहज बनाउने प्रयोजनका लागि यस्तो विचलन गरिएको पाइन्छ ।

## ४.५ प्रयुक्ति विचलन

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा सीमित मात्रामा प्रयुक्ति विचलन गरिएको पाइन्छ । यी कविताहरूमा भेटिएका प्रयुक्ति विचलनलाई यसप्रकार विश्लेषण गरिएको छ :

उदाहरण

जन्मिनासाथ जाडोले अँगालोमा बाँधेकाले होला
कहिल्यै भेटाउँदिन म
तिम्रो आँखामा हिंस्रक अग्निज्वाला !
(चन्द्रमुखी, पृ.२७)

यस कवितांशमा युद्ध अपराध आदि क्षेत्रमा प्रयोग हुने **हिंस्रक** शब्दलाई विषयान्तर गरी पारिवारिक र व्यावहारिक जीवनसँग जोडेर प्रयोग गरिएको छ । अतः यहाँ प्रयुक्ति विचलन भएको पाइन्छ । यसप्रकारको विचलन भावगाम्भीर्य वा अर्थगत सौन्दर्यको वृद्धिका लागि गरिएको पाइन्छ ।

उदाहरण

झ्यालबाट भर्खरै पसेको छ
चोरजस्तो उज्यालो
र, मेरो अस्मितामाथि लगाम तानेको छ
म आफ्ना पराजित आँखाको कुनाबाट
चियाउन खोज्दै छु
(त्यो उज्यालो, पृ.२९)

यस कवितांशमा घोडा वा जनावरलाई नियन्त्रण गर्ने वा अङ्कुश वा डोरीको अर्थमा प्रयोग हुने **लगाम** शब्दलाई विषयान्तर गरी पारिवारिक जीवनसँग सम्बन्धित गराई प्रयोग गरिएकाले प्रयुक्ति विचलन भएको पाइन्छ । प्रेयसीको प्रेमले आफूलाई वशमा पारेको भन्ने अर्थमा प्रयोग गरिएको यसप्रकारको विचलनबाट कविताको भाव सौन्दर्यको वृद्धि गर्नुका साथै विषयवस्तुलाई संवेदनशील बनाइएको छ ।

उदाहरण

नरकमा म

वाक्यहरूको बाँधा होइन

तसर्थ

माफ गर्न पर्दैन मलाई तिनीहरूले

(नरकयात्रा–४, पृ.३४)

यस अभिव्यक्तिमा प्रयोग गरिएको **बाँधा** श्रमिकसँग सम्बन्धित शब्द हो । पुर्खौंदेखि नियन्त्रणमा लिएर मजदुर बनाई कजाएर पशुजस्तै गरी राखिएको मानिसलाई बुझाउने यस शब्दलाई यहाँ विषयान्तर गरी कवि लेखकको लेखकीय स्वतन्त्रतासँग सम्बन्धित बनाई राजनैतिक क्षेत्रमा प्रयोग गरिएकाले प्रयुक्ति विचलन भएको पाइन्छ । कविले यहाँ उक्त शब्द आफूलाई डराएर कुनै निरङ्कुशतन्त्रको बन्धनमा बाँधिएर लेख्ने कवि साहित्यकारका रूपमा नबुझ्न आग्रह गर्दै प्रयोग गरेका छन् । यसप्रकारको विचलनबाट कविताको भाव निकै व्यङ्ग्यमूलक, सशक्त र गम्भीर बनेको छ ।

उदाहरण

मलाई नसोध–म व्यभिचारमा लिप्त छु

मलाई नसोध–म वामाचारको चास्नीमा डुबेको झिङ्गा हुँ

(नरकयात्रा–४, पृ.३५)

यस अभिव्यक्तिमा खाना परिकारका सन्दर्भमा प्रयोग गरिने **चास्नी** शब्दको प्रयोग विषयान्तर गरी राजनीतिक क्षेत्रमा ल्याएर प्रयोग गरिएको छ । अतः यहाँ प्रयुक्ति विचलन भएको पाइन्छ । प्रयुक्ति विचलनका माध्यमबाट कविले आफूलाई वामपन्थी राजनीतिक

दलको अन्धभक्त नभएको र कुनै लोभलालचमा नफसेको पुष्टि गर्ने क्रममा उक्त शब्दको प्रयोग गरेको पाइन्छ । यसप्रकारको प्रयोगबाट कविताको भाव सौन्दर्यमा वृद्धि भई संवेदनशील, व्यङ्ग्यले घनीभूत र सशक्त बन्न गएको छ ।

उदाहरण

सबैसबै पाकिरहेका थिए

अमानवीय बाफमा

(भदौको एक दिन–४, पृ.३६)

यस अभिव्यक्तिमा प्रयोग गरिएको **बाफ** वातावरणसँग सम्बन्धित शब्द हो । पानी तताउँदा वा तात्दा त्यसबाट बन्ने एकप्रकारको तातो ग्याँसको अर्थमा प्रयोग हुने उक्त शब्दलाई यहाँ विषयान्तर गरी राजनीतिक विषयक्षेत्रमा प्रयोग गरिएको छ । निरङ्कुशतन्त्री शासकहरू शक्तिशाली भई देशका भौतिक, सांस्कृतिक र मानवीय पक्ष र क्षेत्रलाई विकृत र विसङ्गत बनाइएको बेला उकुसमुकुस भएर बाँच्न कठिन भएको तथ्यलाई प्रयुक्ति विचलनका माध्यमबाट बडो गम्भीरताका साथ यहाँ प्रस्तुत गरिएको छ । यसबाट कविताको भाव सौन्दर्य वृद्धि भएको पाइन्छ ।

उदाहरण

कसले सिकायो

अरू बुद्धिजीवीलाई

प्रतिसत्ताको हरिकीर्तन गाउन ?

(बुद्धिजीवी, पृ.३८)

यस अभिव्यक्तिमा प्रयोग गरिएको **हरिकीर्तन** धार्मिक क्षेत्रमा प्रयोग हुने शब्द हो । हिन्दुहरूका भगवान् विष्णु वा हरिको गुणगानको अर्थ बुझाउने यस शब्दलाई यहाँ विषयान्तर गरी राजनीतिक विषयक्षेत्रमा प्रयोग गरिएको छ । अतः यहाँ प्रयुक्ति विचलन भएको छ । बुद्धिजीवीहरूले लोभलालचमा परेर निरङ्कुशतन्त्रको जयजयकार गरेको कुराप्रति कविले आक्रोश व्यक्त गर्ने क्रममा उक्त शब्दको प्रयोग भएको पाइन्छ । यसप्रकारको विचलनबाट कविताको भाव व्यङ्ग्यले घनीभूत हुन पुगेको छ ।

## ४.६ भाषिका विचलन

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा भाषिका विचलनको केही प्रयोग भएको पाइन्छ । यसमा प्रयोग भएका भाषिका विचलनलाई यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ :

उदाहरण

मैले कहिल्यै देखिनँ उसको ललाटमा पराजयको ईख

मैले कहिल्यै भेटिनँ उसको आँखामा व्यभिचारको भीख

(बोधिवृक्ष, पृ.२५)

प्रस्तुत कवितांशमा **ईर्ष्या** मानक शब्दको सट्टा स्थानीय बोलीको **ईख** शब्दको प्रयोग गरिएकाले भाषिका विचलन भएको छ । यस विचलनले कविताको भावमा स्थानीय जनजिब्राको बोलीको मिठासका साथै तल्लो पङ्क्तिमा रहेको भीख शब्दसँग अनुप्रास मिल्न गई श्रुति मधुरता थपिदिएको छ ।

उदाहरण

अर्को समय पाको पोखल्ड्याङमा

आविष्कार भयो त्यस्तै एउटा कठखुरे पसल

त्यो पनि धेरै दिन टिकेन

(सङ्कटमा छ कविकुना, पृ.१९)

यस कवितांशमा काठले बेरेर बनाइएको अति सामान्य र सानो भन्ने अर्थ प्रदान गर्नका लागि स्थानीय भाषिकामा प्रयोग गरिने **कठखुरे** शब्दको प्रयोग गरिएकाले भाषिका विचलन भएको छ । अभिव्यक्तिलाई सम्प्रेष्य, सरल र आकर्षक बनाउने प्रयोजनका लागि यसप्रकारको विचलन गरिएको पाइन्छ ।

उदाहरण

ठसठस्ती गह्नाउने भीडमा

म हेलिएँ

(नरकयात्रा–२, पृ.३२)

यस कवितांशमा मानक **पसेँ** शब्दको सट्टा **हेलिएँ** शब्द प्रयोग गरिएकाले भाषिका विचलन भएको पाइन्छ । यसबाट कवितामा ग्रामीण जनजिब्राको बोलीको मिठास थपिएको छ ।

उदाहरण

म पटक्कै बुझ्दिन

लापते भाषा र शैली

(तिम्रो प्रेमको नागरिकशास्त्र, पृ.४६)

यस कवितांशमा चेपारे मानक शब्दको सट्टा स्थानीय **लापते** शब्दको प्रयोग गरिएकाले भाषिका विचलन भएको छ । यस विचलनबाट कवितामा विषयवस्तुअनुकूल स्थानीयता झल्काई मिठास ल्याउन वा ग्रमीण बोलीको सौन्दर्य सृजना गर्नमा सहयोग पुगेको छ ।

उदाहरण

तमतमाइलो दुर्गन्धित त्यो न्याल

घाँटीभित्र घुटुक्क निल्छ

(इतिहास, पृ.४७)

यस अभिव्यक्तिमा **टर्रो** मानक शब्दको सट्टा भाषिकामा प्रयोग हुने **तमतमाइलो** शब्दको प्रयोग गरिएकाले भाषिका विचलन भएको छ । यस विचलनबाट छन्द कविताको भाव सौन्दर्य वृद्धि हुनुका साथै ग्रामीण जनजिब्राको बोलीको मिठास थपिएको छ ।

उदाहरण

आतङ्क र दुःखको स्वर

खेततिर पसारिएको थियो

(यस वर्ष, पृ.५२)

यस पद्यांशमा सुतेको अर्थ दिने मानक शब्दको सट्टा भाषिकामा प्रयोग हुने **पसारिएको** शब्दको प्रयोग गरिएकाले भाषिका विचलन भएको छ । यसबाट उक्त कवितामा आकर्षण र स्थानीय बोलीको सौन्दर्य थपिएको छ ।

उदाहरण

मित्र र आफन्तहरूका

आसिक र शुभकामना

(यस वर्ष, पृ.५२

यस अभिव्यक्तिमा **आशिष** मानक शब्दको सट्टा स्थानीय **आसिक** शब्दको प्रयोग गरी ग्रामीण बोलीको मिठासको सृजना गरिएको छ ।

उदाहरण

पारि पहाडको कापमा रहेको राजमार्गमा

माल बोकेर हुइँकिँदै छन् बूढा ट्रकहरू

(नीलो पानीमा, पृ.५५)

यस अभिव्यक्तिमा तीव्र गतिमा दौडँदै भन्ने अर्थका लागि स्थानीय बोली वा भाषिकामा प्रयोग हुने **हुइँकिँदै** शब्दको प्रयोग गरिएकाले भाषिका विचलन भएको छ । यस विचलनबाट कविताको भाव सौन्दर्य वृद्धि हुनुका साथै ग्रामीण जनजिब्राको बोलीको मिठास थपिएको छ ।

उदाहरण

टाढाबाट पश्चिमी हावाले उडाएर ल्याएको

बारुदको एक फाल्सो गन्ध छ

(नीलो पानीमा, पृ.५५)

यस अभिव्यक्तिमा **झोक्का** मानक शब्दको सट्टा भाषिकामा प्रयोग हुने **फाल्सो** शब्दको प्रयोग गरिएकाले भाषिका विचलन भएको छ । यस विचलनबाट कविताको भाव सौन्दर्य वृद्धि हुनुका साथै ग्रामीण जनजिब्राको बोलीको मिठास थपिएको छ ।

उदाहरण

म त एउटा कवि

जसको शब्दनादको पखेटा

कहिल्यै काट्न सक्दैन

तिम्रो भुत्ते अस्त्रले

(शब्दनाद र कवि पखेटा, पृ.५७)

यस पद्यांशमा नकाट्ने वा धारिलो नभएको भन्ने अर्थमा भाषिकामा प्रयोग हुने **भुत्ते** शब्दको प्रयोग गरिएकाले भाषिका विचलन भएको छ । यस विचलनबाट कविताको अर्थ वा भाव सम्प्रेष्यता र सौन्दर्य वृद्धि हुनुका साथै ग्रामीण जनजिब्राको बोलीको मिठास थपिएको छ ।

उदाहरण

जुन बेला म

स्वच्छन्द सपनाको खोजमा

सडकमा रल्लिरहेको थिएँ

ऊ जुलुसमा हिँडिरहेको थियो मुट्ठी कसेर

(अग्निशिखा, पृ.६१)

यस गद्यांशमा हल्लिँदै हिँडिरहेको अर्थ प्रदान गर्नका लागि भाषिकामा प्रयोग हुने **रल्लिरहेको** शब्दको प्रयोग गरिएकाले भाषिका विचलन भएको छ । यस विचलनबाट छन्द कविताको भाव सौन्दर्य वृद्धि हुनुका साथै ग्रामीण जनजिब्राको बोलीको मिठास थपिएको छ ।

## ४.७ निष्कर्ष

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा धरैजसो विचलनको प्रयोग भएको छ । अर्थतात्त्विक विचलनका दृष्टिले यो कृति उत्कृष्ट रहेको छ । यस विचलनका माध्यमबाट कविताहरूको अभिधार्थलाई अस्वीकार गरी विशेष अर्थ प्रदान गरिएको छ । यी कविताहरूमा ध्वनिप्रक्रियात्मक विचलनको ज्यादै सीमित प्रयोग गरिएको छ । यसबाट

कविताको आन्तरिक लय तथा अभिव्यक्तिगत सौन्दर्यको प्रयोजन पूरा गरिएको छ । त्यस्तै व्याकरणिक विचलनमा मुख्यतः पदक्रम विचलन अत्यधिक तथा ज्यादै सीमित मात्रामा वचनगत विचलन, आदर विचलन र कारक विचलनको प्रयोग भएको छ। मूलतः आन्तरिक लय विधान र अभिव्यक्तिगत सौन्दर्यको प्रयोजन यसबाट पूरा गरिएको छ । व्याकरणिक विचलनअन्तर्गत लिङ्गगत विचलन, विभक्ति विचलन तथा लेख्यप्रक्रियात्मक विचलन र कोशीय विचलनको प्रयोग भएको छैन । त्यस्तै सीमित मात्रामा प्रयुक्ति चिलन र भाषिका विचलनको प्रयोग भएको छ । मूलतः भावगत सौन्दर्य, भाव सघनता, स्थानीय बोलीको माधुर्यको सृजनाको प्रयोजन पूरा गरिएको छ ।

## अध्याय पाँच

# नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा शैलीवैज्ञानिक समानान्तरता

## ५.१ पृष्ठभूमि

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा समानान्तरताको पर्याप्त प्रयोग भएको छ । यसमा प्रयोग भएका बाह्य र आन्तरिक समानान्तरतालाई यहाँ छुट्टाछुट्टै उपशीर्षकअन्तर्गत क्रमशः उल्लेख गरिएको छ ।

## ५.२ बाह्य समानान्तरता

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा बाह्य समानान्तरताअन्तर्गत मुख्यतः वर्णगत, शब्दगत, पदावलीगत, वाक्यांशगत तथा वाक्यगत समानान्तरताको प्रयोग भएको छ ।

### ५.२.१ वर्णगत समानान्तरता

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा वर्णगत समानान्तरताको अत्यधिक प्रयोग भएको पाइन्छ । तीमध्ये केही मुख्य अंशहरूलाई यहाँ उदाहरणका रूपमा उल्लेख गरी विश्लेषण गरिएको छ ।

उदाहरण

प्रश्न अनुत्तरित छन्
तर पनि प्रत्येक दिन
हामी सुन्छौँ
तिनका कर्कश आवाज

(हतियार, पृ.९)

यस पद्यांशमा न् वर्णको सातपटक, त् वर्णको छपटक र प् वर्णको तीनपटकको प्रयोगबाट वर्णगत समानान्तरता भएको छ ।

उदाहरण

लालीगुराँसको महकमा

र, स्वतन्त्रताका – सेनानीहरूको सङ्घर्षमा

(लु शुन, पृ.१०)

लु शुन कविताको यस अंशमा स् वर्णको पाँचपटक र क् वर्णको चार पटकका प्रयोगबाट वर्णगत समानान्तरता भएको छ ।

उदाहरण

शान्तिको कामना गर्दा कारागारमा बन्द गरे

(वीर कम्पुचियालीको नाममा, पृ.११)

वीर कम्पुचियालीको नाममा कविताको यस पङ्क्तिमा र् वर्णको तीनपटक र क् वर्णको दुईपटकको आवृत्तिबाट वर्णगत समानान्तरता भएको छ ।

उदाहरण

एसियाको फूलबारीमा एउटा फूल फुल्यो

नेपालीको व्यथा बोकी वनपाखा डुल्यो

आजभोलि उसको बोली हाम्रो मुरलीमा

भाका बनी घन्कँदै छन् ढुङ्गे देउरालीमा

(गोकुल जोशी, पृ.१२)

गोकुल जोशी कविताको यस अंशमा ल् वर्णको आठपटकको आवृत्तिबाट वर्णगत समानान्तरता भएको छ ।

उदाहरण

उसले शस्त्र उठाएको छ

म शस्त्रहीन छु

उसले सत्ता बनाएको छ

म सत्ताहीन छु

ऊ महाशक्ति बनेको छ

तर, शक्तिको नाममा मसित

केही शब्द मात्र छन् ।

(महाशक्ति, पृ.१५)

महाशक्ति कविताको यस स् वर्णको एघार पटकको प्रयोगबाट वर्णगत समानान्तरता भएको छ ।

उदाहरण

शहरका केही कविहरूलाई

साँझपख एकै छिन् भए पनि सुस्ताउन

कुनै एउटा ठाउँ चाहिन्छ

(सङ्कटमा छ कवि कुना, पृ.१९)

सङ्कटमा छ कवि कुना कविताको यस अंशमा क् वर्णको चारपटकको प्रयोगबाट वर्णगत समानान्तरता भएको छ ।

उदाहरण

मैले छाना छाउँदा ताछिएको हत्केलाको घाउ

अझै आलो छ

(म तिम्रो ढोकाबाहिर, पृ.२१)

म तिम्रो ढोकाबाहिर कविताको यस अंशमा **छ्** वर्णको चारपटकको प्रयोगबाट वर्णगत समानान्तरता भएको छ ।

उदाहरण

गायत्री मन्त्र जप्न सकिँदैन नरकमा

न त घोक्न नै सकिन्छ शास्त्रका मायावी मन्त्रहरू

(नरकयात्रा–४, पृ.३४)

नरक यात्रा–४ कविताको यस अंशमा **न्** वर्णको नौपटकको प्रयोगबाट वर्णगत समानान्तरता भएको छ ।

उदाहरण

गोदावरी र गोबरको मिश्रित सुगन्ध

सँगसँगै सुँघ्न पाइन्छ

(मूलपानी, पृ.३९)

मूलपानी कविताको यस अंशमा **ग्** वर्णको पाँचपटकसम्मको प्रयोगबाट वर्णगत समानान्तरता भएको छ ।

उदाहरण

सुम्सुम्याएको थिएँ तिम्रो आत्मालाई

तिम्रो सासमा जीवन

तिम्रो हाँसोमा भाग्य

र, तिम्रो सपनामा

मेरो सपना पाएको थिएँ

(तिम्रो प्रेमको नागरिकशास्त्र,पृ.४२)

तिम्रो प्रेमको नागरिकशास्त्र कविताको यस अंशमा **म्** वर्णको एघारपटक र **स्** वर्णको सातपटकको प्रयोगबाट वर्णगत समानान्तरता भएको छ ।

उदाहरण

म तिमीमा लीन हुन चाहन्छु

तिम्रो सौन्दर्य र अध्यात्ममा

(प्रार्थना,पृ.५३)

प्रार्थना कविताको यस अंशमा म् वर्णको छपटकको प्रयोगबाट वर्णगत समानान्तरता भएको छ ।

उदाहरण

एउटा मोडमा पुगेपछि

पछाडि छुटे केही कवि–साथीहरू

त्यसपछि कविता मर्‍यो

(कविताको पनर्जन्म, पृ.५८)

कविताको पुनर्जन्म कविताको यस अंशमा प् र छ् वर्णको चारचारपटकको प्रयोगबाट वर्णगत समानान्तरता भएको छ ।

यसप्रकार यी कवितांशका उदाहरणमा भेटिएका वर्णगत समानान्तरताबाट कवितांशहरूमा अभिव्यक्तिगत सौन्दर्य, श्रुति मधुरता, गेयता, भाव सघनता र गाम्भीर्यको सृजना गरिएको छ ।

### ५.२.२ शब्दगत समानान्तरता

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा शब्दगत समानान्तरताको पर्याप्त प्रयोग भएको छ । यहाँ तीमध्ये केही मुख्य अंशहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

उदाहरण

कसले बनायो हतियार ?
किन बनायो हतियार ?

(हतियार, पृ.९)

हतियार कविताको यस अंशमा उही स्थान तथा क्रममा **बनायो** र **हतियार** शब्दको पुनरावृत्ति गरिएकाले शब्दगत समानान्तरता भएको छ ।

उदाहरण

मुक्तियुद्ध !

मुक्तियुद्ध !!

मुक्तियुद्ध !!!

(वीर कम्पुचियाली योद्धाको नाममा, पृ.११)

वीर कम्पुचियाली योद्धाको नाममा कविताको यस अंशमा उही स्थान र क्रममा ( उर्ध्व रीतमा) एउटै **मुक्तियुद्ध** शब्दको तीनपटक प्रयोग गरिएकाले शब्दगत समानान्तरता भएको छ ।

उदाहरण

सृजनाको बाटो खन्दै हिँड्ने नायक हो

क्रान्ति बीज छर्दै-छर्दै हिँड्ने गायक हो

(गोकुल जोशी, पृ.१२)

गोकुल जोशी कविताका यी पङ्क्तिमा उही स्थान र क्रममा **हिँड्ने** र **हो** शब्दको पुनरावृत्ति गरिएकाले शब्दगत समानान्तरता भएको छ ।

उदाहरण

एउटै राग

एउटै ताल

र, गद्दारी

(मलामी,पृ.१८)

मलामी कविताको यस अंशमा उही क्रम र स्थानमा **एउटै** शब्दको आवृत्ति भएकाले शब्दगत समानान्तरता भएको छ ।

उदाहरण

यो युद्ध हो

कुनै गन्तव्य नभएको

कुनै यात्रा नभएको

र, कुनै धर्म नभएको

मृत्यु-उत्सव कविताका यी पङ्क्तिमा लगभग उही स्थान र क्रममा **कुनै** र **नभएको** शब्दको दुईदुईपटक पुनरावृत्ति गरिएकाले शब्दगत समानान्तरता भएको छ ।

उदाहरण

मैले कहिल्यै देखिनँ उसको ललाटमा पराजयको ईख

मैले कहिल्यै भेटिनँ उसको आँखामा व्यभिचारको भीख

(बोधिवृक्ष, पृ.२५)

बोधिवृक्ष कविताका यी पङ्क्तिमा उही स्थान र क्रममा **मैले, कहिल्यै** र **उसको** शब्दको पुनरावृत्ति गरिएकाले शब्दगत समानान्तरता भएको छ ।

उदाहरण

सम्राटको जन्मदिनभन्दा

सम्राज्ञीको जन्मदिनभन्दा

(चन्द्रमुखी, पृ.२७)

चन्द्रमुखी कविताका यी दुवै पङ्क्तिमा उही स्थान र क्रममा **जन्मदिनभन्दा** शब्दको पुनरावृत्ति गरिएकाले शब्दगत समानान्तरता भएको छ ।

उदाहरण

मभित्र सानो नरक छ

मबाहिर ठूलो नरक छ

(नरकयात्रा–२, पृ.३२)

नरकयात्रा–२ कविताका यी दुई पङ्क्तिमा उही स्थान र क्रममा **म**, **नरक** र **छ** शब्दको पुनरावृत्ति गरिएकाले शब्दगत समानान्तरता भएको छ ।

उदाहरण

मलाई नसोध–म व्यभिचारमा लिप्त छु

मलाई नसोध–म वामाचारको चास्नीमा डुबेको झिङ्गा हुँ

(नरकयात्रा–४, पृ.३५)

नरकयात्रा–४ कविताका यी दुई पङ्क्तिमा उही स्थान र क्रममा **मलाई**, **नसोध** र **म** शब्दको पुनरावृत्ति गरिएकाले शब्दगत समानान्तरता भएको छ

उदाहरण

कसले सिकायो

ती बुद्धिजीवीलाई

सत्ताको दलाली गर्न ?

कसले सिकायो

अरू बुद्धिजीवीलाई

प्रतिसत्ताको हरिकीर्तन गाउन ?

(बुद्धिजीवी, पृ.३८)

बुद्धिजीवी कविताको यस अंशमा **कसले**, **सिकायो** र **बुद्धिजीवी** शब्दको पुनरावृत्ति गरिएकाले शब्दगत समानान्तरता भएको छ ।

उदाहरण

स्नेहको सट्टा उपेक्षा

दर्शनको सट्टा दरिद्रता

मानवताको सट्टा नरमेध

(तिम्रो प्रेमको नागरिकशास्त्र, पृ.४४)

तिम्रो प्रेमको नागरिकशास्त्र कविताको यस अंशमा उही स्थान र क्रममा **सट्टा** शब्दको पुनरावृत्ति गरिएकाले शब्दगत समानान्तरता भएको छ ।

उदाहरण

अलिकति प्रेम

अलिकति पागलपन

त्यतिमात्र हो त मेरो समाजवाद

त्यतिमात्र हो त मेरो प्रेम

(तिम्रो प्रेमको नागरिकशास्त्र, : ४६)

यस अभिव्यक्तिमा **अलिकति** र **त्यतिमात्र** शब्दहरूलाई दोहोऱ्याएर प्रयोग गरिएकाले यहाँ शब्दगत समानान्तरता भएको छ ।

उदाहरण

म तिमीमा लीन हुन चाहन्छु

तिम्रो सौन्दर्य र अध्यात्ममा

म तिमीमा समाधिस्थ हुन चाहन्छु

तिम्रो स्वप्न र ब्रह्ममा

म पुनः जन्मिन चाहन्छु

तिमीमा र तिम्रो ईश्वरमा

क्षमा गर प्रेयसी ।

म तिम्रो नयाँ अवतारमा

रूपान्तरण हुन आतुर छु ।

(प्रार्थना, पृ.५३)

प्रार्थना शीर्षकको यस कवितामा **म** र **तिम्रो** शब्द तीनतीनपटक अनि **तिमीमा** र **चाहन्छु** शब्दको दुईदुईपटक आवृत्ति गरिएकाले शब्दगत समानान्तरता भएको छ ।

उदाहरण

आरोह र अवरोहको सङ्गम जीवन

कहिले घाम र कहिले छाया

(कविताको पुनर्जन्म, पृ.५८)

कविताको पुनर्जन्म कविताको यस अंशमा **कहिले** शब्दको पुनरावृत्ति गरिएकाले शब्दगत समानान्तरता भएको छ ।

यस नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा प्रयुक्त यसप्रकारका शब्दगत समानान्तरताका माध्यमबाट यस कवितामा भाव गाम्भीर्य, श्रुति माधुर्य र लय सौन्दर्यको सृजनाको प्रयोजन पूरा गरिएको पाइन्छ ।

### ५.२.३ पदावलीगत समानान्तरता

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा पदावलीगत समानान्तरताको केही मात्रामा प्रयोग भएको छ । यहाँ उपलब्ध केही कविताांशहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

उदाहरण

तिनका कर्कश आवाज

(हतियार, पृ.९)

यस कविताका तीनवटै अनुच्छेदका अन्त्यमा उही रूपमा **तिनका कर्कश आवाज** पदावलीलाई प्रयोग गरिएकाले पदावलीगत समानान्तरता भएको पाइन्छ ।

उदाहरण

तिम्रो पतनको यो कथा

(पतन, पृ.१७)

पतन शीर्षकको कवितामा **तिम्रो पतनको कथा** पदावलीलाई दुई ठाउँमा प्रयोग गरिएकाले पदावलीगत समानान्तरता भएको पाइन्छ ।

उदाहरण

म हजारौँ वर्षदेखि

तिम्रो ढोका बाहिर छु

(म तिम्रो ढोकाबाहिर, पृ.२१)

यस म तिम्रो ढोकाबाहिर शीर्षकको कवितामा **हजारौँ वर्षदेखि** र **तिम्रो ढोकाबाहिर** पदावलीलाई दोहोऱ्याएर प्रयोग गरिएकोले पदावलीगत समानान्तरता भएको पाइन्छ ।

उदाहरण

मेरो वरिपरि

(उज्यालो,पृ.२८)

उज्यालो शीर्षकको कवितामा **मेरो वरिपरि** पदावलीलाई दुई ठाउँमा प्रयोग गरिएकाले पदावलीगत समानान्तरता भएको पाइन्छ ।

उदाहरण

नरकमा म

(नरकयात्रा–४, पृ.३४)

नरकयात्रा–४ शीर्षकको कवितामा **नरकमा म** पदावलीलाई सातपटक प्रयोग गरिएकाले पदावलीगत समानान्तरता भएको पाइन्छ ।

उदाहरण

मेरी आमा

(मूलपानी, पृ.३९)

मूलपानी शीर्षकको कवितामा **मेरी आमा** पदावलीलाई तीन ठाउँमा प्रयोग गरिएकाले पदावलीगत समानान्तरता भएको पाइन्छ ।

उदाहरण

त्यही दिन

(तिम्रो प्रेमको नागरिकशास्त्र,पृ.४२)

तिम्रो प्रेमको नागरिकशास्त्र शीर्षकको कवितामा **त्यही दिन** पदावलीलाई चार ठाउँमा प्रयोग गरिएकाले पदावलीगत समानान्तरता भएको पाइन्छ ।

उदाहरण

तिम्रो कारागारमा

(सुदूर सम्झना, पृ.५०)

सुदूर सम्झना शीर्षकको कवितामा **तिम्रो कारागारमा** पदावलीलाई दुई ठाउँमा प्रयोग गरिएकाले पदावलीगत समानान्तरता भएको पाइन्छ ।

उदाहरण

तर मान्य भएन मेरो प्रस्ताव तिम्रो ईश्वरलाई

मेरा शब्द र लय मन परेनन् तिम्रो ईश्वरलाई

(पहेँलो घाममा प्रार्थनाको वियोगान्त, पृ.५६)

पहेँलो घाममा प्रार्थनाको वियोगान्त शीर्षकको कविताको यस अंशमा **तिम्रो ईश्वरलाई** पदावलीलाई दुई पटक प्रयोग गरिएकाले पदावलीगत समानान्तरता भएको पाइन्छ ।

उदाहरण

जुन बेला म

(अग्निशिखा, पृ.६१)

अग्निशिखा शीर्षकको कवितामा **जुन बेला म** पदावलीलाई सुरुका तीन अनुच्छेदका सुरुसुरुका पङ्क्तिमा गरी तीनपटक प्रयोग गरिएकाले पदावलीगत समानान्तरता भएको पाइन्छ ।

यसरी प्रस्तुत कविताका उदाहरणहरूमा पदावलीगत समानान्तरतालाई उपयोग गरिएको छ । यसप्रकारको पदावलीगत समानान्तरताबाट उक्त कविताहरूलाई संवेदनशील, श्रुतिमधुर र गेय बनाउने प्रयोजन पूरा गरिएको पाइन्छ ।

### ५.२.४ वाक्यांशगत समानान्तरता

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा समानान्तरताको कम मात्रामा प्रयोग भएको छ । यिनमा प्रयुक्त वाक्यांशगत समानान्तरताका उदाहरणहरूलाई यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ :

उदाहरण

तीं थिए– युद्धका दुन्दुभि

ती थिए– शान्तिका गीत

ती थिए–जीवनका गाथा

(पतन, पृ.१६)

पतन कविताका यी पङ्क्तिमा उही स्थान क्रममा **ती थिए** वाक्यांशको पुनरावृत्ति गरिएकाले वाक्यांशगत समानान्तरता भएको छ ।

उदाहरण

तसर्थ

माफ गर्न पर्दैन मलाई तिनीहरूले

(नरकयात्रा–४,पृ.३४)

नरकयात्रा–४ कविताका चार अनुच्छेदका अन्त्यमा **तसर्थ माफ गर्न पर्दैन मलाई तिनीहरूले** वाक्यांश चारपटक प्रयोग गरिएकाले यहाँ वाक्यांशगत समानान्तरता भएको छ । यसप्रकारको वाक्यांशगत समानान्तरताबाट कविताको भाव संवेदनशील हुनुका साथै कविताको आन्तरिक लय सशक्त बनेको छ ।

उदाहरण

मलाई नसोध–म व्यभिचारमा लिप्त छु

मलाई नसोध–म वामाचारको चास्नीमा डुबेको छु

(नरकयात्रा–पृ. ३५)

यस अभिव्यक्तिमा **मलाई नसोध** भन्ने वाक्यांश दोहोऱ्याएर प्रयोग गरिएकाले वाक्यांशगत समानान्तरता भएको छ । यस वाक्यांशगत समानान्तरताबाट कवितामा लय सौन्दर्य तथा भाव गाम्भीर्य थपिएको छ ।

उदाहरण

केही पनि अन्तर थिएन

समय र समयमा

केही पनि अन्तर थिएन

असल र खराबमा

त्यस्तो केही पनि अन्तर थिएन

इन्द्रजात्रामा घिच्याएर गरिने प्रेम

वा, उत्तरऔपनिवेशिक डिजिटल प्रेममा

(भदौको एक दिन, पृ.३६)

भदौको एक दिन कवितामा **केही पनि अन्तर थिएन** भन्ने वाक्यांश तीनचोटि प्रयोग गरिएकाले वाक्यांशगत समानन्तरता भएको छ । यसप्रकारको वाक्यांशगत समानान्तरताबाट कविता गम्भीर, श्रुतिमधुर र गेय बन्न गएको छ

उदाहरण

कसले सिकायो

ती बुद्धिजीवीहरूलाई

सत्ताको दलाली गर्न ?

कसले सिकायो

अरू बुद्धिजीवीहरूलाई

प्रतिसत्ताको हरिकीर्तन गाउन ?

(बुद्धिजीवी, पृ.३८)

बुद्धिजीवी कविताका तीन अनुच्छेदमध्ये पहिलो र दोस्रो अनुच्छेदका सुरुमा **कसले सिकायो** भन्ने वाक्यांश उही रूपमा पुनः प्रयोग गरिएकाले वाक्यांशगत समानन्तरता भएको छ । यसप्रकारको वाक्यांशगत समानान्तरताबाट कवितालाई गम्भीर, श्रुतिमधुर र गेय बनाइएको छ ।

उदाहरण

त्यही दिन थियो

मेरो मनभित्र नरक रअँध्यारोले

शासन थालेको पनि

त्यही दिन थियो

त्यही दिन हो

म बिलखबन्द परेर उभिएको

शहीदहरू बदनाम भएको चौबाटोमा

मलाई थाहा भएन

तिम्रो प्रेमतन्त्रमा व्यभिचारको परिभाषा

मलाई थाहा भएन

तिम्रो स्वप्नमा छलछामको व्यूहरचना

(तिम्रो प्रेमको नागरिकशास्त्र, पृ.४२)

तिम्रो प्रेमको नागरिकशास्त्र कविताको यस अंशमा **त्यही दिन थियो र मलाई थाहा भएन** वाक्यांशहरूको आवृत्ति भएकाले वाक्यांशगत समानान्तरता भएको छ । यस प्रकारको वाक्यांशगत समानान्तरताबाट कविताको भाव सघन हुन गई गम्भीर बनेको छ ।

### ५.२.५ वाक्यगत समानान्तरता

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा वाक्यगत समानान्तरताको सीमित मात्रामा मात्र प्रयोग भएको छ । यिनमा प्रयुक्त वाक्यगत समानान्तरताका उदाहरणहरूलाई यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ :

उदाहरण

मभित्र सानो नरक छ

(नरकयात्रा–३, पृ.३३)

नरकयात्रा–३ कविताको सुरु र अन्तिमतिर गरी **मभित्र सानो नरक छ** दुईचोटि प्रयोग गरिएकाले वाक्यगत समानन्तरता भएको छ । यसप्रकारको समानान्तरताबाट कविता गम्भीर, श्रुतिमधुर र गेय बन्न गएको छ ।

उदाहरण

तिम्रो प्रेममा मान्छे हुन सकिनँ म

(तिम्रो प्रेमको नागरिकशास्त्र, पृ.५०)

तिम्रो प्रेमको नागरिकशास्त्र कविताको सुरु र अन्तिम अनुच्छेदमा गरी दुईचोटि उही रूपमा **तिम्रो प्रेममा मान्छे हुन सकिनँ म** भन्ने वाक्य दोहोऱ्याएर प्रयोग गरिएकाले वाक्यगत समानन्तरता भएको छ । यसप्रकारको वाक्यगत समानान्तरताबाट कवितामा संवेदनशीलता, श्रुतिमाधर्यु र गेयता थपिन गएको छ ।

उदाहरण

अहिले म कारागारमा छु

(सुदूर सम्झना, पृ.५०)

सुदूर सम्झना कविताको सुरु र अन्तिम अनुच्छेदमा गरी दुईचोटि उही रूपमा अहिले **म कारागारमा छु** भन्ने वाक्य प्रयोग गरिएकाले वाक्यगत समानन्तरता भएको छ । यसप्रकारको वाक्यगत समानान्तरताबाट कवितामा संवेदनशीलता, श्रुतिमाधर्यु र गेयता थपिन गएको छ ।

उदाहरण

बिर्सिएँ मैले

मेरो जन्मदिन

(यस वर्ष, : ५१)

यस वर्ष कवितामा **बिर्सिएँ मैले मेरो जन्मदिन** वाक्यको दुईपटक पुनरुक्ति भएकाले यहाँ वाक्यगत समानान्तरता भएको छ । यसप्रकारको वाक्यगत समानान्तरताबाट कविताको भाव गम्भीर बन्न गएको छ ।

## ५.३ आन्तरिक समानान्तरता

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा आन्तरिक समानान्तरताको पर्याप्त मात्रामा प्रयोग भएको पाइन्छ । यस क्रममा आन्तरिक समानान्तरताका केही मुख्य अंशहरूलाई प्रस्तुत गरी विश्लेषण गरिएको छ :

उदाहरण

हतियार

सडकमा छन्

गल्लीमा छन्

गोडेटा र घोडेटामा छन्

(हतियार, पृ.९)

हतियार कविताको यस अंशमा **सडक, गल्ली, गोरेटा** र **घोडेटा** शब्दलाई समान अर्थ वा हिँड्ने बाटो बुझाउनका लागि प्रयोग गरिएकाले आन्तरिक समानान्तरता भएको छ ।

उदाहरण

उसले भन्थ्यो जिन्दगीको अँधेरोलाई बाल्छु

अन्याय र अत्याचारको कुहिरोलाई फाल्छु

(गोकुल जोशी, पृ.१२)

यी पङ्क्तिमा **अँधेरो** र **कुहिरो** दुई शब्दहरूलाई उस्तै विकृति र विसङ्गतिको अर्थका लागि र **बाल्छु** र **फाल्छु** दुई शब्दलाई हटाउँछु भन्ने समान अर्थका लागि प्रयोग गरिएको छ । यसले गर्दा यहाँ आन्तरिक समानान्तरता भएको छ ।

उदाहरण

गन्हाउने इतिहास बान्ता गर्दै

हिँडिरहेछ एउटा काल

देश मेरो आस्था हो

अहिले त्यसमाथि घामलाई छेक्दै

उभिरहेछ एउटा युग

(देश र कविता, पृ.१३)

यस कवितांशमा **काल** शब्द र **युग** शब्दलाई समयको अर्थका लागि प्रयोग गरिएको छ । यसले गर्दा यहाँ आन्तरिक समानान्तरता भएको छ ।

उदाहरण

आँखाहरूसँग डराउँदै

अग्ला रूखैरूख र भिरालो हुँदै

म सिँहासनबाट तल झर्दै छु

(सिँहासन र पर्खाल, पृ.२६)

यी पङ्क्तिमा **भिरालो हुँदै** र **तल झर्दै** दुई पदावलीहरूलाई ओर्लंदै भन्ने समान अर्थका लागि प्रयोग गरिएको छ । यसले गर्दा यहाँ आन्तरिक समानान्तरता भएको छ ।

उदाहरण

मलाई नसोध–म व्यभिचारमा लिप्त छु

मलाई नसोध–म वामाचारको चास्नीमा डुबेको झिङ्गा हुँ

(नरकयात्रा–४, पृ.३५)

यस अभिव्यक्तिमा **लिप्त** र **डुबेको** दुई भिन्न शब्दलाई लीन भन्ने समान अर्थ बुझाउनका लागि प्रयोग गरिएकाले आन्तरिक समान्तरता भएको पाइन्छ ।

उदाहरण

एउटा दुब्लो, पातलो, सरल र हकी मानिस

(मूलपानी, पृ.४०)

यस पङ्क्तिमा **दुब्लो** र **पातलो** फरकफरक शब्दबाट समान अर्थ प्रवाह गरिएकाले आन्तरिक समानान्तरता भएको छ । यसप्रकारको आन्तरिक समानान्तरताबाट मसिनो वा खिरिलो भन्ने कुरालाई बढी सघन बनाइएको पाइन्छ ।

उदाहरण

यसरी मेरी आमा र मेरो गाउँमा

पूर्ण समानता छ

मानौँ, मेरी आमा नै मेरो गाउँ हुन्

मेरो गाउँको

अहिले बजारमा विनिमय गर्न सकिने

अलग्गै कुनै विशेषता छैन

कुनै परिचय छैन

(मूलपानी, पृ.४१)

यी पङ्क्तिमा **मेरी आमा** र **मेरो गाउँ** फरकफरक पदावलीबाट **जन्मदाता** भन्ने समान अर्थ तथा **विशेषता** र **परिचय** फरकफरक शब्दबाट चिनारी भन्ने समान अर्थ प्रवाह गरिएकाले आन्तरिक समानान्तरता भएको छ ।

उदाहरण

शहर सकिएपछि

शुरु हुन्छ मेरो गाउँ मूलपानी

एउटा होचो भन्ज्याङ काटेपछि पुगिने त्यो भूगोल

गादावरी र गोबरको मिश्रित सुगन्धको त्यो ठाउँ

(मूलपानी, पृ. ४१)

यी पङ्क्तिमा **मेरो गाउँ, मूलपानी, त्यो भूगोल,** र **त्यो ठाउँ** फरकफरक शब्द र पदावलीबाट कविको गाउँ भन्ने समान अर्थ प्रवाह गरिएकाले आन्तरिक समानान्तरता भएको छ ।

उदाहरण

हिँड्न थाल्यौँ मरूभूमि र बगरमा

(तिम्रो प्रेमको नागरिकशास्त्र, पृ. ४५)

यस अभिव्यक्तिमा **मरूभूमि र बगर** दुई भिन्न शब्दलाई सुख्खा जमिन भन्ने समान अर्थ बुझाउनका लागि प्रयोग गरिएकाले आन्तरिक समान्तरता भएको पाइन्छ ।

उदाहरण

आरम्भ हुन्छ उसको दिनचर्या

घृणित र तुच्छ कार्यतालिकाबाट

(इतिहास, पृ. ४७)

यस अभिव्यक्तिको पछिल्लो पङ्क्तिमा **घृणित** र **तुच्छ** दुई भिन्न शब्दलाई हेय भन्ने समान अर्थ बुझाउनका लागि प्रयोग गरिएकाले आन्तरिक समानान्तरता भएको पाइन्छ ।

उदाहरण

उसको खल्तीमा हुन्छन्

आर्थिक सहायता, चन्दा, पुरस्कार याचनार्थ

नक्कली नाम र बेहोराका थुप्रै निवेदनहरू

(इतिहास, पृ.४८)

यस अभिव्यक्तिमा **आर्थिक सहायता** पदावली र **चन्दा** शब्दलाई अनुदान भन्ने समान अर्थ बुझाउनका लागि प्रयोग गरिएकाले आन्तरिक समानान्तरता भएको पाइन्छ।

उदाहरण

म तिमीमा लीन हुन चाहन्छु

तिम्रो सौन्दर्य र अध्यात्ममा

म तिमीमा समाधिस्थ हुन चाहन्छु

तिम्रो स्वप्न र ब्रह्ममा

(प्रार्थना, : ५३)

प्रार्थना कविताको यस अंशमा लीन हुन चाहन्छु र समाधिस्थ हुन चाहन्छु गरी दुई भनाइलाई विलय हुन चाहन्छु भन्ने समान अर्थमा प्रयोग गरिएकाले आन्तरिक समानान्तरता भएको छ।

उदाहरण

आरोह अवरोहको सङ्गम जीवन

कहिले घाम कहिले छाया

(कविताको पुनर्जन्म, पृ.५८)

यहाँ **आरोह र अवरोह** तथा **घाम र छाया** दुई भिन्न पदावलीलाई समान अर्थ सुख र दुःख बुझाउनका लागि प्रयोग गरिएकाले आन्तरिक समानान्तरता भएको पाइन्छ।

यसप्रकार नरकको ढोका कविता सङ्ग्रहका कविताहरूका उल्लिखित उदाहरणहरूमा आन्तरिक समानान्तरताको प्रयोगबाट कविताहरूको भाव सौन्दर्यको सृजना, संवेदनशीलता, श्रुतिममधुरताका साथै कतिपय अवस्थामा आन्तरिक लय सृजनाको प्रयोजनसमेत पूरा गरिएको पाइन्छ ।

## ५.४ निष्कर्ष

नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा बाह्य र आन्तरिक दुबै प्रकारका समानान्तरताको समुचित प्रयोग भएको पाइन्छ । बाह्य समानान्तरतामध्ये वर्णगत समानान्तरताको प्रयोग अत्यधिक, शब्दगत र पदावलीगत समानान्तरताको प्रयोग पर्याप्त, वाक्यांशगत र वाक्यगत समानान्तरताको प्रयोग सीमित मात्रामा भएको छ । यी समानान्तरताको प्रयोग मूलतः भावको सशक्तता, आन्तरिक लय विधान एवं श्रुतिमधुरताको प्रयोजनका लागि गरिएको पाइन्छ । आन्तरिक समानान्तरताका दृष्टिले समेत यो कृति समुन्नत रहेको छ । यस समानान्तरताबाट कविताहरूको भाव गाम्भीर्य, भाव सघनता र भाव सौन्दर्यको सृजना गरिएको छ ।

# अध्याय छ

# सारांश, निष्कर्ष र उपयोगिता

## ६.१ सारांश

कवि नारायण ढकालद्वारा रचित नरकको ढोका कविता सङ्ग्रहका कवितहरूमा अग्रभूमि निर्माण शीर्षकको प्रस्तुत शोधपत्रमा उक्त कविताहरूमा अवलम्बन गरिएको अग्रभूमि निर्माणको अध्ययन विश्लेषण गरिएको छ । यो अध्ययन पत्र छवटा अध्यायमा विभक्त छ ।

अध्याय एकमा **शोध परिचय** शीर्षक रहेको छ । यसअन्तर्गत विभिन्न उपशीर्षकहरू रहेका छन् । अध्ययनको पृष्ठभूमिमा शोधको शीर्षकलाई सङ्क्षिप्तमा चिनाइएको छ । उक्त क्रममा नरकको ढोका कविता सङ्ग्रह र साहित्यको शैलीवैज्ञानिक पद्धतिअन्तर्गतको अग्रभूमि निर्माणसम्बन्धी सामान्य चिनारी दिई शीर्षकलाई प्रस्ट्याइएको छ । समस्या कथनअन्तर्गत उक्त कविता सङ्ग्रहका कविताहरूमा गरिएको विचलन र समानान्तरताको अध्ययनलाई शोधकार्यको मुख्य समस्या बनाइएको कुरा उल्लेख गरिएको छ भने त्यसको समाधान गर्नु अध्ययनको मुख्य उद्देश्य रहेको कुरा उल्लेख गरिएको छ । अध्ययनको सान्दर्भिकता र उपादेयतामा उक्त महत्त्वपूर्ण कविता सङ्ग्रहका कविताहरूका बारेमा अहिलेसम्म कुनै कोणबाट पनि शोध अध्ययन नभएकाले यो शोधकार्य सान्दर्भिक रहेको र यस शोधकार्यबाट नरकको ढोका कविता सङ्ग्रहका कविता र शैलीविज्ञानको अग्रभूमि निर्माणका सम्बन्धमा जिज्ञासा राख्ने जोसुकैले पनि ज्ञान प्राप्त गर्न सक्ने भएकाले यसको उपादेयता रहेको कुरा उल्लेख गरिएको छ । शोधकार्यको सीमाङ्कनमा प्रस्तुत शोधकार्यमा नरकको ढोका कविता सङ्ग्रहका कविताहरूको अध्ययन शैलीविज्ञानअन्तर्गतको अग्रभूमि निर्माणबाहेक अन्य आधारमा नगरिएको कुरा उल्लेख गरिनुका साथै शोधपत्रको रूपरेखामा प्रस्तत शोधपत्रलाई छवटा अध्याय र विभिन्न शीर्षक तथा उपशीर्षकमा सङ्गठित र व्यवस्थित गरिएको कुरा उल्लेख गरिएको छ ।

अध्याय दुईमा **पूर्वकार्यको समीक्षा र सैद्धान्तिक स्वरूप** शीर्षक रहेको छ । पूर्वकार्यको समीक्षामा शैलीविज्ञान तथा अग्रभूमि निर्माणसँग निकट र सम्बन्धित रहेका यसअगिका अध्ययन तथा शोधकार्यको समीक्षालाई पुस्तक समीक्षा र शोधपत्र समीक्षा गरी

छुट्टाछुट्टै उपशीर्षकअन्तर्गत प्रस्तुत गरिएको छ । सैद्धान्तिक स्वरूपअन्तर्गत शैलीविज्ञानको परिचय दिई यसको विश्लेषण प्रक्रियालाई विभिन्न उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

अध्याय तीनमा **अध्ययन विधि र प्रक्रिया** शीर्षक रहेको छ । यसअन्तर्गत विभिन्न उपशीर्षकहरूमा पुस्तकालयीय अध्ययनका आधारमा नरकको ढोका कविता सङ्ग्रहका कविताहरूलाई प्राथमिक स्रोत तथा शैलीविज्ञानका सम्बन्धमा यसअगिका पुस्तक तथा शोधपत्रमा उल्लेख गरिएका कुरा र शोध निर्देशकका निर्देशन तथा अन्य विषय विशेषज्ञका रायसुझाउलाई द्वितीयक स्रोत मानी सामग्री सङ्कलन गरिएको कुरा उल्लेख छ । यसका साथै सामग्री तथा तथ्याङ्कको विश्लेषणका क्रममा मूलतः वर्णनात्मक र निगमनात्मक तथा उदाहरणको पुष्टि गरी निष्कर्षमा पुग्नका लागि अंशतः आगमनात्मक विधिको उपयोग गरिएको कुरा उल्लेख गरिएको छ ।

अध्याय चारमा 'नरकको ढोका' **कविता सङ्ग्रहका कविताहरूमा शैलीवैज्ञानिक विचलन** शीर्षक रहेको छ । यसअन्तर्गत विभिन्न शीर्षक उपशीर्षकहरूमा नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा गरिएका विभिन्न प्रकारका विचलनका उदाहरणहरू दिएर विश्लेषण गरी अन्त्यमा तिनको प्रयोजनसमेत उल्लेख गरिएको छ ।

अध्याय पाँचमा 'नरकको ढोका' **कविता सङ्ग्रहका कविताहरूमा शैलीवशैलीवैज्ञानिक समानान्तरता** शीर्षक रहेको छ । यसअन्तर्गत विभिन्न शीर्षक उपशीर्षकहरूमा नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा गरिएका विभिन्न प्रकारका समानान्तरताका उदाहरणहरू दिएर विश्लेषण गरी अन्त्यमा तिनको प्रयोजनसमेत उल्लेख गरिएको छ ।

अध्याय छमा **सारांश, निष्कर्ष र उपयोगिता** शीर्षक रहेको छ । सारांशअन्तर्गत प्रत्येक अध्यायमा उल्लेख गरिएका मुख्य कुराहरूलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ । निष्कर्षअन्तर्गत चौथो र पाँचौं अध्यायमा गरिएको व्याख्या तथा विश्लेषणबाट प्राप्त उपलब्धिहरूलाई बुँदागत रूपमा उल्लेख गरिएको छ । यस क्रममा नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा अर्थतात्त्विक विचलन, व्याकरणिक विचलनअन्तर्गत पदक्रम विचलन र समानान्तरताअन्तर्गत वर्णगत समानान्तरताको अत्यधिक प्रयोग भएको र अन्य विचलनको सामान्य प्रयोग भएको तथा अग्रभूमि निर्माणका दृष्टिले यो कविता सङ्ग्रह उन्नत रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । त्यस्तै उपयोगिताअन्तर्गत प्रस्तुत शोधकार्यका

नीतिगत र प्रयोगगत उपयोगितालाई बुँदागत रूपमा उल्लेख गरिएको छ । मुख्यतः भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखन, सम्पादन र परिमार्जन तथा साहित्यिक कृतिको शैलीवैज्ञानिक विश्लेषणको ढाँचा तय गर्ने र भाषा शिक्षणअन्तर्गत विद्यार्थीहरूको मौलिक, विशिष्ट र सृजनात्मक शैलीको विकासको अभ्यासका लागि यो उपयोगी रहेको कुरा उल्लेख गरिएको छ ।

## ६.२ निष्कर्ष

कवि नारायण ढकालद्वारा रचित नरकको ढोका कविता सङ्ग्रहका कवितहरूमा अग्रभूमि निर्माणसम्बन्धी गरिएको प्रस्तुत शोधकार्यबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा यसप्रकार उल्लेख गरिएको छ :

- गद्य लयमा संरचित प्रस्तुत कृतिमा सङ्गृहीत कविताहरूमा धेरैजसो विचलन तथा समानान्तरताको प्रयोग गरिएको पाइन्छ ।
- यो कृति अर्थतात्त्विक विचलनका दृष्टिले सफल र सुन्दर छ । यस सङ्ग्रहका कविताहरूमा अभिधामूलक अर्थलाई अस्वीकार गरी विशेष अर्थको प्रयोजनका लागि अर्थतात्त्विक विचलन गरिएको छ ।
- अर्थतात्त्विक विचलनका माध्यमबाट कविताको भावलाई व्यङ्ग्यले घनीभूत, विशिष्ट, संवेदनशील, मार्मिक र सुन्दर तरिकाले प्रस्तुत गरिएको छ ।
- उक्त विचलनले गर्दा कविको शैली विशिष्ट बन्न गएको छ । अतः अर्थतात्त्विक विचलन यस कृतिको महत्त्वपूर्ण प्राप्ति हो ।
- यस सङ्ग्रहका कविताहरूमा ध्वनिप्रक्रियात्मक विचलनको ज्यादै सीमित मात्रामा प्रयोग गरिएको छ । अभिव्यक्तिगत सौन्दर्य, श्रुतिमधुरता तथा आन्तरिक गद्य लयको प्रयोजनका लागि उक्त विचलनको प्रयोग भएको पाइन्छ ।
- यस सङ्ग्रहका कविताहरूमा व्याकरणिक विचलनको निकै प्रयोग भएको छ । मुख्यतः पदक्रम विचलन अत्यधिक मात्रामा भएको पाइन्छ भने ज्यादै सीमित मात्रामा वचनगत विचलन, आदर विचलन र कारक विचलनको प्रयोग भएको छ ।

- मूलतः आन्तरिक लय विधान र अभिव्यक्तिगत सौन्दर्य सृजनाको प्रयोजनका लागि यस्ता विचलन गरिएको पाइन्छ ।
- यस सङ्ग्रहका कविताहरूमा व्याकरणिक विचलनअन्तर्गत लिङ्गगत विचलन र विभक्ति विचलनको प्रयोग भएको पाइँदैन ।
- यस सङ्ग्रहका कविताहरूमा लेख्यप्रक्रियात्मक विचलन, कोशीय विचलनको पनि प्रयोग भएको पाइँदैन ।
- यस कृतिमा प्रयुक्तिगत विचलन र भाषिका विचलनको सीमित प्रयोग भएको छ । मूलतः भावगत सौन्दर्य, भाव सघनता, अभिव्यक्तिगत सौन्दर्य, स्थानीय ग्रामीण जनजिब्राको बोलीको माधुर्य सृजनाको प्रयोजन रहेको पाइन्छ ।
- समानान्तरताका दृष्टिले पनि यो सङ्ग्रह समृद्ध छ । यसअन्तर्गतका कविताहरूमा आन्तरिक र बाह्य दुबै समानान्तरताको प्रयोग भएको छ ।
- बाह्य समानान्तरताको प्रयोग भावगत सशक्तता, लय विधान र श्रुति माधुर्यको प्रयोजनका लागि गरिएको छ ।
- यसभित्रका कविताहरूमा बाह्य समानान्तरतामध्ये वर्णगत समानान्तरताको अत्यधिक प्रयोग भएको छ । मूलतः आन्तरिक लय विधान र श्रुति मधुरता यसको प्रयोजन रहेको पाइन्छ ।
- शब्दगत समानान्तरताका दृष्टिले पनि यो काव्य समुन्नत छ भने पदावलीगत समानान्तरता पर्याप्त तथा वाक्यांशगत र वाक्यगत समानान्तरताको सीमित प्रयोग भएको पाइन्छ । प्रायः भावलाई सघन र अभिव्यक्तिलाई सुन्दर बनाउने क्रममा यिनको प्रयोग भएको पाइन्छ ।
- आन्तरिक समानान्तरताका दृष्टिले पनि यो कविता सङ्ग्रह सशक्त र सफल रहेको पाइन्छ । यहाँ भिन्न शब्द र पदावलीलाई उही तथा उस्तै अर्थ र भाव जनाउनका लागि आवृत्तिपूर्ण प्रयोग गरिएका उदाहरण पर्याप्त छन् ।

- यस आन्तरिक समानान्तरताको प्रयोग विशेषतः भाव गाम्भीर्य तथा भाव सघनताका लागि गरिएको पाइन्छ ।
- यस काव्यमा अर्थतात्त्विक विचलन र आन्तरिक समानान्तरताको प्रयोग मूलतः भाव तथा अर्थगत सौन्दर्यको प्रयोजनका लागि गरिएको पाइन्छ ।
- समग्रमा भन्नुपर्दा कवि नारायण ढकालद्वारा रचित नरकको ढोका कविता सङ्ग्रह शैलीवैज्ञानिक अग्रभूमि निर्माणका दृष्टिले सफल र समुन्नत रहेको पुष्टि हुन्छ ।

## ६.३ उपयोगिता

कवि नारायण ढकालद्वारा रचित नरकको ढोका कविता सङ्ग्रहका कविताहरूमा उपयोग गरिएको अग्रभूमि निर्माणको विश्लेषण गरी तयार पारिएको प्रस्तुत शोध अध्ययनको आफ्नै विशिष्ट प्रकारको उपयोगिता रहेको छ । यसको उपयोगितालाई नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै रूपमा यसप्रकार प्रस्तुत गरिएको छ :

### ६.३.१ नीतिगत उपयोगिता

- प्रस्तुत शोध अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा भाषा शिक्षणका लागि आवश्यक पर्ने पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन, सम्पादन र परिमार्जनका लागि विविध शैलीका कृतिको जानकारी प्राप्त गर्न सकिन्छ ।
- यसबाट शैलीविज्ञान र विशेष गरी अग्रभूमि निर्माणका विषयमा जिज्ञासा लिन चाहने साहित्यकार, अध्येता तथा खोज अनुसन्धानकर्ता आदिलाई सैद्धान्तिक ज्ञान प्राप्त हुन्छ ।
- प्रस्तुत शोधकार्याट कुनै पनि साहित्यिक कृतिहरूको र विशेष गरी कविता काव्यको शैलीवैज्ञानिक अध्ययन गर्न चाहनेहरूलाई यसको ढाँचा तयार पार्नमा सहयोग प्राप्त हुन्छ ।
- यसबाट शैलीवैज्ञानिक अग्रभूमि निर्माणका आधारमा साहित्यिक कृतिको वस्तुगत विश्लेषण गर्ने ठोस ज्ञान प्राप्त हुन्छ ।

- यसबाट शैलीवैज्ञानिक विचलन र समानान्तरताको परिचय र प्रकारको जानकारी प्राप्त गरी तिनका उदाहरण पहिल्याउन सहयोग पुग्दछ ।
- यसले भाषा शिक्षक, भाषाका शिक्षार्थी र साहित्यिक कृतिको शैलीका पक्षमा रुचि राख्नेहरूलाई त्यससम्बन्धी ठोस ज्ञान प्रदान गर्दछ ।
- यसबाट शैलीवैज्ञानिक अध्ययन र अग्रभूमि निर्माणसम्बन्धी गरिने शोधकार्यको ढाँचा, क्रम, विधि र प्रक्रियाको सैद्धान्तिक ज्ञान प्राप्त हुन्छ ।

### ६.३.२ प्रयोगगत उपयोगिता

- प्रस्तुत शोधकार्यबाट कुनै पनि साहित्यिक कृतिमा अवलम्बन गरिएको अग्रभूमि निर्माणको खोजी, त्यसको विश्लेषण र पुष्टि गर्ने प्रायोगिक कार्यमा ठोस सहयोग प्राप्त हुन्छ ।
- यसले भाषा र साहित्यसँग सम्बन्धित विद्यार्थीहरूलाई आफ्ना पाठ्यकृतिहरूमा रहेका विचलन र समानान्तरताको तुलनात्मक अध्ययन गरी विशिष्ट शैलीलाई ठम्याउनका लागि सक्षम बनाउँछ ।
- यसले भाषा र साहित्यका विद्यार्थीहरूलाई आफ्ना पाठ्यकृतिमा कसरी विशिष्ट शैलीको निर्माण भएको छ भन्ने कुरा बुझी त्यस्तै मौलिक शैलीको प्रयोग गर्न प्रेरित गर्दछ ।
- विशेष गरी विद्यार्थी तथा साहित्यिक कृतिको रचना गर्न चाहनेहरूलाई यस शोधकार्यले विशिष्ट शैलीको प्रयोगतर्फ अग्रसर गराउँछ ।
- यसबाट भाषा शिक्षणका क्रममा विशिष्ट शैलीको निर्माणका लागि उदाहरणहरू उपलब्ध हुन्छन् ।
- यसबाट विद्यार्थीहरूलाई भाषिक सीपसम्बन्धी सृजनात्मक क्षमता वृद्धिका लागि अभिप्रेरित गराउन सहयोग पुग्दछ ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०६५), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०६७/०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* (दो.सं.), काठमाडौँ : शुभकामना प्रकाशन ।

दाहाल, दुर्गाप्रसाद (२०६१), 'नरेन्द्रदाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौं ।

धमला, रत्नप्रसाद (२०६५), 'समानान्तर आकाश उपन्यासको शैलीवैज्ञानिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौं ।

नेपाल, घनश्याम (सन् २००९), *शैलीविज्ञान* (दो.सं.), सिलगढी (भारत) : एकता बुक हाउस प्रा.लि. ।

पोख्रेल, लक्ष्मी (२०७४) 'गौरी खण्डकाव्यमा अग्रभूमि निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, टिकानाथ (२०७३), 'रूपमती उपन्यासको शैलीवैज्ञानिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९) *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू, काठमाडौँ :* हेरिटेज पब्लिसर्स एन्ड डिस्टिब्युटर्स प्रा. लि.।

बखेल, कल्पना (२०७३), 'आमा कथा सङ्ग्रहका कथाहरूमा अग्रभूमि निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बराल, पुरुषोत्तम (२०६२), 'मालती मङ्गले नाटकको शैलीवैज्ञानिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रा.लि. ।

मिश्र, रूपादेवी (२०७३), 'घुम्ने मेचमाथि अन्धो मान्छे कवितासङ्ग्रहका कविताहरूमा अग्रभूमि निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लुइँटेल, रमेशप्रसाद (२०६०), 'भैरव अर्यालका निबन्धको शैलीवैज्ञानिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, मोहनराज (२०४८), *शैलीविज्ञान*, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

# शोधार्थीको व्यक्तिगत विवरण



नाम : गामादेवी उपाध्याय

जन्मस्थान : गर्ज्याङकोट-५, जुम्ला ।

माता र पिता : श्री बीजकन्या उपाध्याय र श्री गोकर्णप्रसाद उपाध्याय

पति : श्री नन्द परेग उपाध्याय

नागरिकता : नेपाली

ठेगाना : नराकोट-२, जुम्ला ।

सम्पर्क : ९८६७१२१५८१/ ९८५१०३४५७३

धर्म : हिन्दू

मातृभाषा : नेपाली

रुचि : अध्ययन अध्यापन, साहित्य, भ्रमण र समाजसेवा

शैक्षिक योग्यताको विवरण

| क्र.स. | तह | अध्ययन गरेको शिक्षण संस्था | उत्तीर्ण साल |
|---|---|---|---|
| १. | प्रवेशिका | श्री त्रिभुवन मा.वि. बाँके | २०६५ |
| २. | उच्च मा. वि. तह | श्री त्रिभुवन मा.वि. बाँके | २०६८ |
| ३. | स्नातक (बी.एड.) | सानो ठिमी क्याम्पस भक्तपुर | सन् २०१४ |
| ४. | स्नातकोत्तर (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि. कीर्तिपुर | २०७५ |